जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ • अंक २७१ • २०८२ साल फाल्गुन १६ गते शनिबार (28 February, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## रेल सेवा तीन दिन बन्द रहने

**टुडे समाचारदाता**

जनकपुरधाम । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जनकपुरधाम-जयनगर रेल सेवा तीन दिन पूर्ण रूपमा बन्द रहने नेपाल रेल कम्पनी लिमिटेलले जनाएको छ।

कम्पनीको केन्द्रीय कार्यालयले जारी गरेको सूचनाअनुसार यही २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा शान्तिसुरक्षा प्रत्याभूति गराउने उद्देश्यले फागुन १९ गतेदेखि २१ गते तीन दिन बिहीबारसम्म भंगाहा-जनकपुरधाम-जयनगर खण्डमा सञ्चालित रेल सेवा बन्द रहने नेपाल रेल्वे कम्पनी लिमिटेडले जनाएको छ।

उक्त अवधिमा यात्रुलाई पर्न जाने असुविधाप्रति कम्पनीले क्षमायाचना गर्दै सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध गरेको जनाएको छ।

यसका साथै फागुन २२ गते शुक्रबारदेखि साविकबमोजिम नियमित रेल सेवा सञ्चालनमा आउने सूचनामा उल्लेख गरिएको छ। रेल सेवा बन्द रहने अवधिमा यात्रुलाई वैकल्पिक यातायातको व्यवस्था गर्न कम्पनीले अनुरोध गरेको छ।

### गृहमन्त्रीद्वारा निर्वाचन सुरक्षा अवस्था अनुगमन

# रौतहट, बारा र पर्सामा उच्च सतर्कतासंगै निर्वाचन व्यवस्थापनबारे छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । यही फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई मधेश प्रदेशलाई उच्च सुरक्षामा राखिएको छ।

केही दिन अघि दुई समुदायबीचको झडप साम्य भएपछि निर्वाचन नजिकिँदै गर्दा गृहमन्त्री ओमप्रकाश अर्यालले रौतहटमा आएर सुरक्षा अवस्थाबारे जानकारी लिएका छन्।

बारा, पर्सा र रौतहट जिल्लाको सुरक्षा अवस्थाबारे अनुगमन गरेका गृहमन्त्री अर्यालले शुक्रबार साँझ जिल्ला प्रशासन कार्यालय पर्साको सभाहलमा चार वटै सुरक्षा निकायसंग बैठक बसेका थिए।

सो क्रममा गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचनमा प्रशासनले कसैप्रति पनि काखापाखा नगर्ने र कानुन उल्लंघन गर्ने जो-कोहीमाथि कारबाही हुने चेतावनी दिए।

निर्वाचन सुरक्षाको तयारीबारे स्थलगत जानकारी लिने क्रममा गृहमन्त्री अर्यालले शान्त, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउनु सरकारको प्राथमिक दायित्व भएको बताए। राजनीतिक अधिकारको प्रयोगमा सबैलाई समान अवसर उपलब्ध गराइने स्पष्ट पार्दै अवैध गतिविधि, धम्की, डरत्रास र अराजकतामाथि शून्य सहनशीलता अपनाइने उनको भनाइ छ।

सुरक्षा निकायका अधिकारीहरूलाई निर्देशन दिँदै उनले निष्पक्षता र व्यावसायिकता कायम राख्न जोड दिए। गृहमन्त्री अर्यालले भने, "प्रशासन सहजकर्ता हो, तर कानुन मिच्ने कसैलाई पनि उन्मुक्ति दिइँदैन।"

गृहमन्त्रीले हालसम्म भएका तयारीको प्रशंसा गर्दै निर्वाचनलाई सहज र सुरक्षित बनाउन थप निर्देशनसमेत दिए। उनले राजनीतिक दल वा उम्मेदवारका आमसभा तथा कोणसभाको जानकारी लिएर एउटै समयमा फरक दलका कार्यक्रम जुध्न नदिने गरी अनुमति दिने व्यवस्था मिलाउन निर्देशन दिए। उनले स्वच्छ, निष्पक्ष र भयरहित वातावरण सुनिश्चित गर्न सबै संयन्त्रलाई अझ प्रभावकारी बनाइने बताए।

सार्वजनिक शान्ति र सुव्यवस्था कायम राख्न हरसम्भव प्रयत्न गर्ने, त्रुटिरहित सुरक्षा व्यवस्था मिलाउने, गैरकानुनी क्रियाकलापमा संलग्नलाई कानुनी दायरामा ल्याउने तथा सर्वपक्षीय-सर्वदलीय संयन्त्रलाई सक्रिय बनाएर वार्ता र संवादमार्फत द्वन्द्व व्यवस्थापन गर्ने विषयमा पनि निर्देशन दिए। आचारसंहिता विपरीतका गतिविधि रोक्न कडाइ गरिने र निर्वाचनस्थल कायम भएका विद्यालय तथा सार्वजनिक स्थलको सरसफाइमा ध्यान दिइने उनले स्पष्ट पारे।

धार्मिक तथा सामाजिक द्वन्द्व निवारणका लागि रौतहटवासी सबै सरोकारवाला पक्षको सहकार्य आवश्यक रहेको भन्दै गृहमन्त्री अर्यालले आपसी एकता, सद्भाव र भाइचारालाई मजबुत बनाउन आग्रह गरे।




उनले निर्वाचन आयोगको आचारसंहिता उल्लंघन गर्ने उम्मेदवार, दल वा समर्थकमाथि प्रचलित कानुनअनुसार कारबाही हुने व्यवस्था कडाइका साथ लागू गरिने बताए। दण्डहीनताको अन्त्य गर्दै कानुनको शासन स्थापित गर्नु नै सरकारको लक्ष्य रहेको उनले बताए।

गृहमन्त्री अर्यालले केही समूहले अनावश्यक शंका र अफवाह फैलाउन खोजिरहेको उल्लेख गर्दै गृहमन्त्री अर्यालले त्यस्ता भ्रममा नपर्न आम नागरिकलाई आग्रह गरे। गृमहन्त्री अर्यालले भने, "सरकार र आयोग दुवै स्पष्ट छन्, निर्वाचन तोकिएकै मितिमा शान्तिपूर्ण रूपमा सम्पन्न हुन्छ।" यसअघि रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले जिल्लाभर निर्वाचन सुरक्षाको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी गराएका थिए। उनले सीमा क्षेत्रदेखि अतिसंवेदनशील मतदान केन्द्रसम्म कडा सुरक्षा व्यवस्था मिलाइएको जानकारी गराए।

त्यस्तै निर्वाचन सुरक्षाको वर्तमान अवस्था, चुनौती र समाधान विषयक छलफलमा मधेससँगै बारा र पर्सामा हुन सक्ने सम्भावित सुरक्षा चुनौतीबारे गृहमन्त्री अर्यालले सुरक्षा निकायका प्रमुखहरूसंग ब्रिफिङ लिएको बैठकमा सहभागी एक पदाधिकारीले जानकारी दिए।

बैठकमा बारा र पर्साका सुरक्षा निकायका प्रमुखले जिल्लागत रूपमा रहेको सुरक्षा चुनौतीबारे गृहमन्त्री अर्याललाई जानकारी गराएका थिए।

बैठकमा सहभागी एक अधिकारीका अनुसार मधेशमा राजनीतिक दलहरूबिच अस्वस्थ प्रतिस्पर्धा, असहिष्णुता, प्रचारप्रसार सामग्री च्यात्ने, डर धम्की त्रास दिने, पार्टी छोड्ने र प्रवेश गर्ने तथा धार्मिक द्वन्द्व मुख्य चुनौतीको रूपमा देखा परेको औँल्याए।

यसैगरी खुला सीमा, आपराधिक समूहको चलखेल, अवैध हतियारको सम्भावित प्रयोग तथा चुनावी प्रतिस्पर्धालाई लिएर बढ्न सक्ने तनावलाई पनि सुरक्षा चुनौतीको बुँदामा राखिएको स्रोतले जनाएको छ।

गृहमन्त्रीसहितको उच्चस्तरीय सुरक्षा टोली फर्किएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ। गृहमन्त्री अर्यालसंगै प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, बलाधिकृत रथी प्रदीप जंग केसी, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, अतिरिक्त महानिरीक्षक गणेश ठाडा मगर, सहसचिव आनन्द काफ्ले, सशस्त्र प्रहरी डिआइजी विष्णु भट्ट र उपसचिव रमा आचार्यसहितको सहभागिता रहेको थियो।

### सब-इञ्जिनियर हत्या प्रकरणः

# मुख्य योजनाकारसहित तीनजना पक्राउ




**टुडे समाचारदाता**

जनकपुरधाम । सर्लाहीमा सब-इञ्जिनियर प्रमोद कुमार यादवको गोली हानी हत्या गरिएको घटनामा मुख्य योजनाकारसहित तीन जनालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ।

सर्लाही प्रहरीको अनुसन्धानबाट जागिर प्राप्त गर्ने उद्देश्यले योजनावद्ध रूपमा हत्या गरिएको खुलासा गरेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाए अनुसार फागुन ३ गते बेलुका करिब ७:५५ बजे मलंगवा नगरपालिका-१० मा डेरा गरी बस्दै आएका पूर्वाधार विकास कार्यालय सर्लाहीमा कार्यरत ३६ वर्षीय सब-इञ्जिनियर प्रमोद कुमार यादवलाई फोन गरी बाहिर बोलाएर गोली प्रहार गरिएको थियो।

गोली लागेर गम्भीर घाइते भएका सब-इञ्जिनियर यादवलाई तत्काल प्रादेशिक अस्पताल मलंगवा लगिए पनि उपचारकै क्रममा मृत्यु भएको थियो।

सर्लाही प्रहरीले घटनापछि प्रविधि, इन्टेलिजेन्स र प्राविधिक विश्लेषण प्रयोग गर्दै मृतकका परिवार, साथी तथा चिनजानका व्यक्तिसंग सोधपुछ गरेको थियो।

पोस्टमार्टम रिपोर्टमा छातीमा लागेको गोलीका कारण मृत्यु भएको पुष्टि भएको जनाइएको छ।

अनुसन्धान क्रममा महोत्तरी घर भइ सर्लाही बरहथवामा बस्दै आएका ३४ वर्षीय गणेश कुमार महतो मुख्य योजनाकार रहेको खुलासा भएको छ।

उनी सर्लाहीको रामनगर गाउँपालिकामा करारमा प्राविधिक सहायक पदमा कार्यरत छन्।

सर्लाही प्रहरीका अनुसार महतो प्रदेश लोक सेवा आयोग मधेश प्रदेशबाट सब-इञ्जिनियर पदका एक मात्र वैकल्पिक उम्मेदवार थिए भने मृतक यादव नियुक्तिका लागि सिफारिस भएका मुख्य उम्मेदवार थिए।

नियुक्ति भएको एक वर्षभित्र पद रिक्त भए आफूलाई स्थायी जागिर मिल्ने बुझेपछि उनले हत्या योजना बनाएको प्रारम्भिक निष्कर्ष छ।

गणेश महतोले आफन्त पर्ने चन्द्र किशोर सिंह कुशवाहासंग मिलेर हत्या योजना बनाएको प्रहरीले जनाएको छ।

योजनाअनुसार उनले मृतकलाई 'राकेश यादव' नाम प्रयोग गरी फोन सम्पर्कमा राखेका थिए। घटनाको दिन पनि ह्वाट्सएप कल गरी डेराबाट बाहिर बोलाएर आफ्नै साथमा ल्याएको पेस्तोलबाट गोली प्रहार गरेको थियो। त्यसपछि अभियुक्तहरू मोटरसाइकलमा भागेका थिए। उनीहरुले प्रयोग गरेको मोटरसाइकल रौतहट गढीमाई क्षेत्रस्थित बागमती नदीको बाँध नजिक वेवारिसे अवस्थामा फेला परेको थियो।

प्रहरीले हतियार खरिदका लागि गणेश महतोले आफ्ना भाई विजय कुमार महतोले दशैंअघि नै ८० हजार रुपैयाँमा किनेर ल्याएको हतियारबाट उक्त घटना भएको पाइएको जनाएको छ।

घटनामा संलग्न आरोपमा प्रहरीले गणेश कुमार महतो, चन्द्र किशोर सिंह कुशवाहा र विजय कुमार महतो लाई फरक-फरक स्थानबाट पक्राउ गरेको सर्लाही प्रहरीले जनाएको छ।

उनीहरूको बयानका आधारमा घटनामा प्रयोग भएको पेस्तोल, गोलीको खोका, भारतीय नम्बर प्लेट भएको मोटरसाइकल र तीन थान मोबाइल बरामद गरिएको प्रहरीले जनाएको छ।

निर्माणाधीन मन्दिरभित्र बालकले भेटाएको पेस्तोल पनि यही घटनासँग सम्बन्धित भएको आशंका गरिएको छ भने फरेन्सिक परीक्षणपछि पुष्टि हुने बताइएको छ।

पक्राउ परेका आरोपितहरूविरुद्ध कर्तव्य ज्यान तथा हातहतियार खरखजाना सम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाएको भएको छ।

यता सर्लाही प्रहरीले घटनाको थप अनुसन्धान जारी रहेको जनाएको छ।

# निर्वाचन आचारसंहिता उल्लंघन गर्नेलाई स्पष्टीकरण

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आचारसंहिता उल्लंघन गरेको आरोपमा निर्वाचन आयोगले ८८ वटा स्पष्टीकरण सोधेको छ। आयोगले यसरी सोधेको स्पष्टीकरणमध्ये ५७ वटामा जवाफ प्राप्त भएको जनाइएको छ।

प्रवक्ता नारायणप्रसाद भट्टराईले दिएको जानकारी अनुसार केन्द्रीय आचारसंहिता अनुगमन समितिमा इमेल, व्यक्तिगत दर्ता तथा सञ्चारमाध्यमबाट जानकारी लिइएका समेत २५४ उजुरीमध्ये ८८ वटा उजुरीमा स्पष्टीकरण सोधिएकोमा ५७ वटाको जवाफ प्राप्त भएको छ। आयोगबाट ४ वटा राजनीतिक दललाई स्पष्टीकरण सोधिएको छ। ३३ जना उम्मेदवारलाई स्पष्टीकरण सोधेको छ।

निर्वाचन आयोगले स्पष्टीकरणपछिको जवाफपछि केही उम्मेदवारहरुलाई जरिवाना गरेको छ। आयोगले निर्वाचन आचारसंहिता विपरीत काम गरेको भन्दै नेपाली कम्युनिस्ट पार्टीका जाजरकोट निर्वाचन क्षेत्र नम्बर १ उम्मेदवार शक्तिबहादुर बस्नेतलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ अनुसार २५ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ। उनले निर्वाचन प्रचारप्रसारका क्रममा पैसा वितरण गरेको उजुरी परेको थियो।

त्यस्तै, रुपन्देही निर्वाचन क्षेत्र नम्बर २ मा नेपाल जनसेवा पार्टीका उम्मेदवार डा. कमल भुसाल (निकोलस भुसाल) जेन-जीको जुत्ता अनुमतिबिना प्रयोग गरेको अभियोगमा २५ हजार जरिवाना गरेको छ। हर्क साम्पाङको नेतृत्वमा रहेको श्रम संस्कृति पार्टीलाई पनि आचारसंहिता उल्लंघन गरेको आरोपमा २५ हजार जरिवाना गरेको छ।

स्वपाका बाांकेका उम्मेदबार खगेन्द्र सुनार, भक्तपुर २ को नेपाल जनसेवा पार्टीकी उम्मेदवार जानुका पाठक (शोभा) लाई सचेत गराएको छ।



## दलका सभाका कार्यक्रमले बढाउँदै चुनावी लहर

महोत्तरी । आसन्न प्रतिनिधिसभा निर्वाचनको खुला चुनावी प्रचारको अवधि घर्कँदै गर्दा दलहरूले सार्वजनिक सभा आयोजना गर्न थालेपछि थप चहलपहल बढेको छ । पछिल्ला एकदुई दिनभित्र जिल्लाका चारवटै प्रतिनिधिसभा क्षेत्रमा दलका शीर्षनेताको सहभागितामा सम्पन्न चुनावी सभाले चहलपहल निकै बढाएको हो ।

निर्वाचनमा मनोनयनपत्र दर्ता गरेसँगै दल र उम्मेदवारलाई चुनाव लागे पनि आम मतदातामा खासै उत्साह नबढेको आम प्रतिक्रिया पाइन्थ्यो । तर पछिल्ला एकदुई दिनभित्र दलहरूले आयोजना गरेका सभामा शीर्षनेता नै मुख्य वक्ता रहेका कार्यक्रमले आम मतदातामा चुनावी चासो र प्रतिक्रिया बढेको बुद्धिजीवीले औँल्याएका छन् ।

"यसअघि दल र उम्मेदवार प्रचारप्रसार र भेटघाटमा हिँडे पनि आमजनतामा खासै उत्साह देखिन्नथ्यो", भङ्गाहा-४ रामनगरका बासिन्दा अवकासप्राप्त शिक्षक रघुवीर साह भन्नुहुन्छ, "अब भने दलहरूका विभिन्न ठाउँमा सम्पन्न सभापछि आममतदातामा चुनावी चासो ह्वात्तै बढेको छ ।" बुधबारमात्र क्षेत्र नं १ को बर्दिबास, क्षेत्र नं २ को बलवा, क्षेत्र नं ३ को जलेश्वर र क्षेत्र नं ४ को सम्सीमा विभिन्न दलका शीर्षनेताले सम्बोधन गरेका सभाले चुनावी लहर निकै बढाएको साहको ठम्याइ छ । बुधबार बर्दिबासमा रास्वपाका सभापति रवि लामिछाने र श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले आआफ्ना दलले आयोजना गरेका चुनावी सभालाई सम्बोधन गर्नुभएको थियो ।

त्यसैगरी, बलवामा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र नेता महन्थ ठाकुरले चुनावी सभालाई सम्बोधन गर्नुभएको थियो । सोही दिन जलेश्वर र सम्सीमा नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले गर्नुभएको चुनावी सम्बोधनपछि जिल्लाका नगर/गाउँ बस्तीमा नेताहरूबाट व्यक्त विचारबारे प्रतिक्रिया बाक्लिँदै गएको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठबाट अवकासप्राप्त सहप्राध्यापक ध्रुव रायको कथन छ ।

"यी सभामा नेताबाट भएका सम्बोधनमा व्यक्त विचारबारे अहिले मतदाता खुलेर छलफल गरिरहेका देखिन्छन् । रासस

# एकातिर चुनावको नारा अर्कोतिर होलीको गीतले गुञ्जमान भयो मिथिला

**जलेश्वर ।**

*जिन्दावाद, जिन्दावाद...पार्टी जिन्दावाद, ...छाप जिन्दावाद, ।*
*जिन्दावाद, जिन्दावाद...पार्टी जिन्दावाद, ... छाप जिन्दावाद, ।*
*जात पर न पात पर, मोहर लगाऊ ...छाप पर,*
*...भैया जिन्दावाद, ...भैया जिन्दावाद,*
*जिन्दावाद, जिन्दावाद...छाप जिन्दावाद ।*
*'जोगिरा सररर, सररर, सररर । जोगिरा सररर ।'*

'मिथिलामे राम खेलैया होली, मिथिलामे । मिथिलामे हो, मिथिलामे हो, मिथिलामे ।' मिथिलामे राम खेलैय होली, मिथिलामे । 'किनका के सोभे पियरी पितम्बर, किनकाके सोभे पियरी पितम्बर, किनकाके हाथ अबिर झोली । मिथिलामे, हो मिथिलामे राम खेलैय होली, मिथिलामे' 'सीताजीके सोभे पियरी पितम्बर, सीताजीकै सोभे पियरी पितम्बर, रामजीके हाथ अबिर झोली । हो, हो, रामजीके हात अबिर झोली, मिथिलामे, हो मिथिलामे राम खेलैय होली, मिथिलामे ।'

'जोगिरा सररर, सररर, सररर । जोगिरा सररर ।' 'रङ बरसे भिगे चुनरबाली रङ बरसे, हो रङबरसे भिगे चुनरवाली रङबरसे'

'सीया झारु नम्बी केश, राम लैहे सोनेके ककहिया । हो, सीया झारु नम्बी केश, राम लैहे सोनेके ककहिया ।'

सीया झारु नम्बी केश, सीया हो, हो, हो । सीया झारु नम्बी केश, सीया हो, हो, हो सीया झारु नम्बी केश । राम लैहे सोनेके ककहिया ।'

प्रतिनिधिसभा निर्वाचन २०८२ सँगै अहिले रङ र अबिरको पर्व होलीको अब एक साता मात्रै बाँकी रहँदा मिथिलाको प्रत्येक गाउँ/सहरमा एकातिर निर्वाचनको प्रचार, उम्मेदवारको प्रचार, छापको प्रचार र अर्कोतिर होलीको गीत (जोगिर ा)ले गुञ्जमान बनेको छ ।

एकातिर नेता, कार्यकर्ता, होरन, माइक लिएर गाउँगाउँ र बस्तीबस्तीमा चुनावी होहल्ला छ भने अर्कोतिर नेपालका तराई-मधेस र भारतको विहार राज्यको अधिकांश जिल्ला समेटिएर बनेको मिथिला क्षेत्रमा अहिले साँझ पर्नेबित्तिकै गाउँगाउँमा डम्फु, झ्याली, ढोल, मृदङ्ग बज्न थालेको छ भने चारैतिर जोगिराको धुनहरु सुनिन थालेको छ ।



चुनावी अभियानमा विभिन्न उमेरका व्यक्तिहरु होमिएर गाउँगाउँ डुलिरहेका छन् भने उमेरले ६५ पुग्न आँटेका जलेश्वर नगरपालिका-८ बजराही निवासी विपेन्द्र पाण्डे साँझ पर्नासाथ आफ्ना घरबाट हातमा डम्फु समातेर गाउँको चौबाटोस्थित मिलन चोकमा पुग्ने गर्नुहुन्छ । त्यस्तै गाउँको उत्तरबारी टोलबाट हारमुनियम लिँदै स्थानीय ५७ वर्षीय रामदेव महरा पनि सूर्यास्त हुनासाथ सोही चोकमा आइपुग्नुहुन्छ । यी दुवै जनाको आगमन भइसकेको खबर पाउनासाथ गाउँको पछियारी टोलबाट ४६ वर्षीय मोहन साह पनि आफ्नो घरबाटै दुवै हातले झ्याली पिट्दै मिलन चोकमा आइपुग्नुहुन्छ भने गाउँको पूर्वारी टोलबाट ७२ वर्षीया गौरी चौधरी पनि ढोल बजाउँदै सोही ठाउँमा पुग्नुहुन्छ ।

विभिन्न वाद्यवादनका साथ मिलन चोकमा आइपुग्ने उहाँहरुबाहेक गाउँकै लोकगायक अरुण पाण्डे, धीरेन्द्र चौधरी, आशनारायण मण्डलसहित अन्य थुप्रै व्यक्ति पनि साँझको दियो बल्नेबित्तिकै गाउँको मिलन चोकमा जम्मा हुने गर्नुहुन्छ । बजराही गाउँको चारै दिशाबाट गाउँको बीच चोकमा कुनै सभा, सम्मेलन, बैठक, बहस वा छलफल गर्नका लागि जम्मा हुँदैनन । बरु आपसी भाइचारा, प्रेम सद्भाव, सुखदुःख साटासाट गर्न र जोगिराको संरक्षण र प्रवर्द्धनका लागि अहिले दैनिक रुपमा उनीहरु जम्मा हुने गर्दछन् ।

बजराही गाउँमा अहिले साँझको सात बज्नासाथ मनलाई मुग्ध बनाउने जोगिरा सुनिन थालेको छ । होलैयाहरु (जोगिरा गाउनेहरु) एकै स्वरमा लय हालेर जोगिरा गाएको सुन्दा बजराही गाउँको टोलटोलमा आ-आफ्ना घर आँगनमा बसिरहेका जो-कोही पनि प्रसन्न एवं खुसी हुने गर्दछन् ।

होलैयाहरुले हातहातमा ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलगायत बाजाहरु लिएर विभिन्न धुन र सङ्गीतको सिर्जना गर्दै सुरु गरेका जोगिरा राति ११/१२ बजेसम्म चलिरहन्छ । विभिन्न प्रकारका गीत, चुटकिला, हाँसो ठट्टा र जिस्क्याउने तीतामीठा वाक्य र शब्दहरुलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेहरुको भीड लाग्ने गर्दछ भने जोगिराका क्रममा हुने नाचगानमा ठूलो सङ्ख्यामा सहभागी हुने गरेको होलैया अरुण पाण्डेले बताउनुभयो ।

जलेश्वर नगरपालिका-८ बजराही गाउँका जोगिरा टोली निकै चर्चित छ भने यहाँको जोगिरा टोलीमा हिन्दू र मुस्लिम समुदायको समावेशीताले यसलाई झन अद्भूत बनाइदिएको स्थानीय मुसलिम अगुवा सकुर राइनको बुझाइ छ ।

हिन्दूको पर्वमा मुस्लिम सहभागी नहुने र मुस्लिमको पर्वलाई हिन्दूले चासो नदिने परिपाटी महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिकाको-८ बजराही गाउँमा देखिँदैन । यहाँका दुवै समुदायका युवा तथा बुद्धिजीवी अगुवाहरुले यस सामाजिक विभेदलाई चिरेर अगाडि बढेको अवस्था रहेको स्थानीय नेपाली कांग्रेसका युवा नेता अनिल पाठक बताउनुहुन्छ । वर्षौंदेखि यहाँका मुस्लिम हिन्दूको पर्वमा र हिन्दूहरु मुस्लिमको चाडपर्वमा एकसाथ उभिएर पर्व मनाउँदै आएको उहाँको भनाइ छ ।

जलेश्वर नगरपालिका-८ बजराही गाउँमा जोगिराको रङ चढेर धुम मचाइरहका बेला जलेश्वर नगरपालिकाकै वडा नं ७ अनकार गाउँमा पनि बर्सेनि जोगिराले धुम मचाउने गर्दछ । यसमा सर्वसाधारण स्थानीय बासिन्दासहित जनप्रतिनिधि पनि उत्साहजनक रुपमा सहभागी हुने गर्दछन् ।

सो वडाका वडाध्यक्ष रामछविला यादव स्वयं पनि होलैया भएको कारण अहिले त्यस वडामा पनि होलीका अवसरमा जोगिरा गाउनकै लागि युवाहरु देश परदेशबाट गाउँ फर्किएका छन् भने जोगिराको धुनले अहिले रातभरि गाउँलेहरुलाई जाग्राम बस्ने बनाएको स्थानीय युवा नेता सुशीलकुमार शर्मा बताउनुहुन्छ ।

मिथिला क्षेत्रसहित सम्पूर्ण देशकै लागि खुसी र उमङ्गको पर्व होलीलाई निम्ता दिँदै विगत दुई/तीन दिनदेखि वडा नं ७ मा युवा, वयस्क तथा वृद्धसमेतको छुट्टाछुट्टै टोलीले जोगिरा गाएर पुरै वडालाई नै सङ्गीतमय बनाउने गरेका छन् । स्थानीय शिवचन्द्र कापरका अनुसार यस वडामा अहिले कतिबेला साँझ पर्ने र कतिबेला होलैयाहरु आएर जोगिरा सुरु गर्ने प्रतिक्षामा घरघरमा महिला, पुरुष तथा बालबालिका र वृद्धवृद्धासमेत बसिरहेका हुन्छन् भने जोगिरा सुरु हुनेबित्तिकै प्रत्येक घरघरबाट निस्केर सबैजना होलीगीत सुन्नका लागि चोकसम्म पुग्ने गर्दछन् ।

सम्पूर्ण मिथिलाञ्चलवासीलाई मनपर्ने जोगिरा महोत्तरीको जलेश्वर नगरपालिकामा मात्रै सीमित नभएर जिल्लाको पिपरा गाउँपालिका-७ बनौली गाउँमा पनि निकै धुमधामका साथ गाइने गरिएको स्थानीय सञ्चारकर्मी नवीन प्रियदर्शी बताउनुहुन्छ । सो गाउँमा एउटै मञ्चमा विभिन्न उमेर समूहका व्यक्तिहरु बसेर जोगिरा गाउने, हाँस्ने, हसाउने, कथा, कहानी र जीवनका अनुभवहरु साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदर सत्कार र सानालाई स्नेह बाँड्ने गरेको उहाँले थप्नुभयो ।

कवि कोकिल विद्यापतिको जन्मथलोसमेत रहेको सो गाउँमा विगत केही दिनदेखि रातिका बेला होलैयाहरुको भीडले मेला जस्तै लाग्ने गरेको स्थानीय सुनील ठाकुले बताउनुभयो । जलेश्वर नगरपालिकाको बजराही, अनकार र पिपराको बनौली गाउँ जस्तै जोगिराको धुनमा अहिले महोत्तरीको मनरासिस्वा नगरपालिकाको-९ बथनाहा गाउँ पनि रङ्गिएको छ ।

महोत्तरी जिल्लाको १० नगरपालिका र पाँच गाउँपालिकाको प्रत्येक गाउँटोलमा फागुन ७/८ गतेदेखि नै प्रत्येक रातिका बेला ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलयायत बाजागाजाका साथ जोगिरा गाउन सुरु भएको विभिन्न पालिकाबाट स्थानीयहरुले बताएका छन् ।

*'फागुन आयो, होली ल्यायो'*
*'मारो भरभर कर पिचकारी'*
*'होली आयो, मस्ती छायो'*
*'मारो भरभर कर पिचकारी'*
*'जोगिरा सररर, जोगिरा सररर....... '*
*'कई हातका धोती पहना, कई हात लपेटा'*
*'कई घाटका पानी पिया, कई बापका बेटा'*
*'जोगिरा सररर, जोगिरा सररर.......'*

जस्ता सयौँ गीत, चुट्किला, हाँसो ठट्ठा र दुःख बिर्साएर खुसी साटासाट गर्ने महापर्वको होलीलाई आगमनको प्रतिक्षामा अहिले महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा र भारतका मधुवनी र दरभङ्गा जिल्लासहित सम्पूर्ण मिथिलाञ्चलमा जोगिरा सुरु भइसकेको छ । होलैयाहरुले जोगिराले एक आपसमा भाइचारा, प्रेम, सद्भाव र सुमधुर सम्बन्ध निर्माण गर्ने भएकाले आफूहरु रातिका बेला गाउँको चोकचोकमा ठूला सङ्ख्यामा भेला भएर जोगिरा गाउने गरेको जलेश्वर नगरपालिका- २ का सुदीश साहले बताउनुभयो ।

प्रायः होली पर्वभन्दा १५ दिन पहिले सुरु हुने जोगिरा गायन मिथिलाञ्चलको प्रत्येक गाउँगाउँमा तीन/चार दिनदेखि सुरु भइसकेको छ भने यस जोगिरा गायन होली पर्वको एकदिन पहिलेको रातिसम्म गाइने गरिन्छ । पछिल्लो समय भोजपुरी अश्लिल भड्किलो गीत, डिजे बाजाको चर्को आवाज र मदिरा सेवनकर्ताले होहल्ला गरेर जोगिरा भाँड्नेक्रम बढ्न थालेकामा मनरासिस्वा नगरपालिका-४ का ७७ वर्षीय वृद्ध होलैया अरुणसिंह चिन्ता व्यक्त गर्नुहुन्छ ।

मटिहानी नगरपालिका-८ का होलैया वशिष्ठ मिश्र पनि जोगिराको संरक्षण, संवर्द्धन तथा जगेर्नाका लागि स्थानीय जनप्रतिनिधि र प्रशासनले विशेष विशेष ध्यान दिनु जरुरी रहेको बताउनुभयो । जोगिरा मिथिलाञ्चलसहित सम्पूर्ण देशकै धरोहर एवं सम्पत्ति रहेको भन्नुहुँदै उहाँ यसको संरक्षण गर्नुपर्ने धारणा राख्नुहुन्छ ।

त्यस्तै, जलेश्वर-५ का संस्कृतिविद् ध्रुव रायले होली गीत केबल मनोरञ्जनको साधन वा गीन नभएर हाम्रो परम्परा एवं हाम्रा पुर्खाको धरोहर रहेको र यस परम्परा तथा धरोहरलाई संरक्षण, सम्वर्द्धनका साथै यसको जगेर्ना गर्नु हामी सबैको साझा दायित्व रहेको बताउनुहुँदै यसको संरक्षण, सम्वर्द्धन र जगेर्ना गर्न सबैलाई सल्लाह दिनुभयो ।

यसबीच चुनावी अभियानले यस वर्षको जोगिरा गायनलाई प्रभाव पारेको सर्वसाधारण जोगिरा प्रेमीहरु बताउँछन् । चुनावका बेला र त्यसमाथि पनि प्रचारप्रसारको बेला रहेका कारण जोगिरा गायन भइरहेकैबेला पनि उम्मेदवार तथा उनका नेता, कार्यकर्ताहरु भोट माग्न आइदिने, जोगिरा गायनमा बसेकालाई उठाएर चुनावी अभियानमा भोट माग्न लगिदिनेजस्ता क्रियाकलापले यस वर्षको जोगिरा गायन प्रभावित भइरहेको जलेश्वर-८ का होलैया अरुण पाण्डेले बताउनुभयो ।रासस

# आगामी वर्षको कर नीतिबारे सुझाव दिन राजस्व परामर्श समिति गठन

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण प्रक्रिया औपचारिक रूपमा अघि बढाइएको छ । बजेट तर्जुमा अघि राजस्व नीति, कर संरचना, भन्सार दर, राजस्व प्रशासन तथा समष्टिगत आर्थिक सुधारका विषयमा ठोस सुझाव सङ्कलन गर्ने उद्देश्यले गत माघ २८ गतेको मन्त्रिस्तरीय निर्णयबाट राजस्व परामर्श समिति गठन गरिएको छ ।

अर्थ मन्त्रालयका सचिव (राजस्व) को संयोजकत्वमा समिति गठन भई कार्य प्रारम्भ गरिसकेको प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जानकारी दिनुभयो ।

समितिमा सरकार, केन्द्रीय बैंक, प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूको सहभागिता रहेको छ । समितिको सदस्यमा त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख वा तोकिएका वरिष्ठ प्राध्यापक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयबाट मनोनित दुई जना विज्ञ (अर्थविज्ञ र करविज्ञ) रहेका छन् ।

यस्तै, निजी क्षेत्रका छाता सङ्गठनबाट पनि प्रतिनिधित्व गरिएको छ । समितिमा नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल आर्थिक सङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग व्यापार महासङ्घ तथा नेपाल घरेलु तथा साना उद्योग महासङ्घका अध्यक्ष वा तोकिएका वरिष्ठ पदाधिकारी सदस्यका रूपमा रहेका छन् । अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाका सहसचिवलाई सदस्य-सचिव तोकिएको छ ।

राजस्व परामर्श समितिलाई आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, ई-कमर्समा लाग्ने कर तथा आर्थिक ऐनबमोजिमका अन्य आन्तरिक करसम्बन्धी नीतिगत तथा कानुनी सुधारका विषयमा सुझाव दिन कार्यादेश दिइएको प्रवक्ता पाण्डेयले जानकारी दिनुभयो । करका दर पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली सुधार तथा राजस्व प्रशासन र सङ्गठन संरचनामा आवश्यक सुधारबारे सिफारिस गर्ने जिम्मेवारी पनि समितिलाई दिइएको उहाँले बताउनुभयो ।

यसैगरी, औद्योगिक प्रवर्द्धन तथा संरक्षण, आयात-निर्यात, सेवा व्यापार, लगानी प्रवर्द्धन, आपूर्ति व्यवस्थापन तथा कर तथा गैरकर प्रोत्साहनका विषयमा नीतिगत र कानुनी सुधारका




सुझाव पनि समितिले तयार गर्नेछ । भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादन संरक्षणका उपाय, मूल्याङ्कन प्रणाली सुधार, व्यापार सहजीकरण, सीमा व्यवस्थापन तथा भन्सार प्रशासन सुधारसम्बन्धी विषय पनि कार्यक्षेत्रभित्र समेटिएका छन् ।

राजस्व चुहावट नियन्त्रण, चोरी निकासी-पैठारी नियन्त्रण, विदेशी विनिमय नियमन, आर्थिक अपराध नियन्त्रण, सम्पत्ति शुद्धीकरण अनुसन्धान तथा त्यसका लागि आवश्यक कानुनी र सङ्गठनात्मक सुधारका विषयमा समितिले अध्ययन गरी सुझाव दिनेछ । कृषि, ऊर्जा, पर्यटन, नागरिक उड्डयन तथा प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रका राजस्व तथा नीतिगत सुधारका विषय पनि समावेश गरिएका छन् ।

बैंक, वित्तीय संस्था, बिमा, रेमिटेन्स, पुँजी बजार, सहकारी र घरजग्गा कारोबारमा देखिएका समस्या र तिनको समाधान, राजस्व परिचालनसँग सम्बन्धित विषयमा पनि समितिले सिफारिस गर्नेछ ।

गैरकर राजस्वका नयाँ क्षेत्र पहिचान, दर निर्धारण तथा पुनरावलोकन, सङ्घ-प्रदेश-स्थानीय तहबीचको कर दोहोरोपनाको समस्या समाधान, अन्तरसरकारी राजस्व व्यवस्थापन र राजस्व बाँडफाँट सुधारका विषयमा सुझाव दिने कार्यादेश छ ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | स्वास्थ्य पनि त्यति भरपर्दो नरहने, नया पेशाको थालनीका लागि पनि आज राम्रो छैन । |
| वृष : | समय शुभ रहनेछ, आम्दानीका नया स्रोत थपिदै जानेछन् । |
| मिथुन : | समय मध्यम खालको छ । स्वास्थ्य राम्रो रहने छैन । |
| कर्कट : | आफन्त व्यक्तिसगै विवाद पर्ने सम्भावना छ । मानसिक चञ्चलपनले पेशागत हानी हुने । |
| सिंह : | मानसिक चिन्ता बढ्नेछ । तिरस्कार, हिनतावोध, आफ्ना आश्रित कर्मचारी। |
| कन्या : | समय राम्रै छ । मानसिक शान्ति र आराम मिल्ने समय चलिरहेको छ । |
| तुला : | स्वास्थ्य राम्रो रहनेछ । आम्दानी बढ्ने, व्यापार-व्यवसायमा लाभ । |
| वृश्चिक : | स्वास्थ्य एक्कासी बिग्रने अवस्था आइपर्ने छ । चिसोले दुःख दिन सक्नेछ । |
| धनु : | आफूले सोचेका काममा भने जस्तो सफलता पाइने छैन । |
| मकर : | स्वस्थ्य राम्रो रहनेछ ।आर्थिक लाभ हुने । |
| कुम्भ: | जुनसुकै काममा विध्नबाधा ज्यादा हुने । |
| मीन : | आम्दानीका नयाँ श्रोत देखा पर्दै जानेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




आपसी भाइचाराको महापर्व होली नजिकिदै गर्दा जनकपुर हार्डवेयर व्यवसायी संघले होली मिलन कार्यक्रमको आयोजना गरेको छ। अध्यक्ष शशी कुमार गुप्ताको अध्यक्षतामा भएको कार्यममा विभिन्न व्यक्तिलाई मायाको चिनो प्रदान गरी सम्मानीत पनि गरेको छ। *तस्बिर : टुडे*

# पुराना प्रतिबद्धताको हिसाब माग्दै सिरहाका मतदाता



सिरहा । आगामी प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै जाँदा सिरहाका गाउँबस्तीमा चुनावी रौनक त बढेको छ, तर उम्मेदवारहरूका लागि यसपटकको घरदैलो विगतको जस्तो सहज छैन । हिजोका दिनमा आश्वासनका पोका सुन्ने र ताली बजाउने मतदाता अहिले 'अडिटर'का रूपमा उम्मेदवारको प्रतीक्षा गरिरहेका छन् ।

पुराना दलका नेताहरूलाई विगतको 'रिपोर्ट कार्ड' देखाउन मुस्किल परिरहेको छ भने नयाँलाई पुरानाजस्तै नहुने आधार पेस गर्न धौधौ छ । यहाँका मतदाताले अहिले मुख्य रूपमा चारवटा मुद्दालाई आफ्नो 'बार्गेनिङ प्वाइन्ट' बनाएका छन्, कमला पुलको अलपत्र अवस्था, भूमिहीनको लालपुर्जा, किसानको मलखाद र गाउँगाउँमा पक्की सडक ।

हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीको पुल १४ वर्ष बित्दा पनि निर्माण सम्पन्न नभएकामा स्थानीयको ठूलो आक्रोश छ । सिरहा नगरपालिका-६ बसबिट्टाका स्थानीय युवा प्रवीण यादव भन्नुहुन्छ, "हरेक चुनावमा यही पुलको मुद्दा बेचेर नेताहरूले भोट लान्छन् । पुल बनिसक्नुअघि नै भासियो, तर कसैलाई कारबाही भएन । अब हामी पुलको शिलान्यास होइन, त्यसमा गाडी गुडेको देख्न चाहन्छौँ । जसले ठोस कार्यतालिका दिन्छ, उसैलाई भोट जान्छ ।"

भगवानपुर, लहान, धनगढीमाई, गोलबजार र नवराजपुर क्षेत्रका मुसहर तथा दलित बस्तीमा पुग्ने उम्मेदवारलाई लालपुर्जाको प्रश्नले घेर्ने गरिएको छ । मुसहर समुदायका अगुवा रामसुफल सदाय भन्नुहुन्छ, "हाम्रा पुस्ता यही माटोमा बिते, तर हाम्रो नाममा एक धुर जमिनको लालपुर्जा छैन । हरेकपटक लालपुर्जा बाँड्छौँ भनेर फारम भराउँछन्, तर चुनावपछि ती फारम कहाँ हराउँछन् कसैलाई थाहा हुन्न । यसपालि हामी कागज होइन, अधिकार खोज्दैछौँ ।"

राजनीतिक विश्लेषक तथा दलित अभियन्ता राजेश विद्रोही यसपटकको चुनावी माहोललाई 'उपेक्षित वर्गको विद्रोह' का रूपमा चित्रण गर्नुहुन्छ । उहाँका अनुसार सिरहाका दलित, भूमिहीन र सीमान्तकृत समुदाय अब केवल मतदान गर्ने मेसिनमात्र रहन तयार छैनन् । विद्रोही भन्नुहुन्छ, "दशकौँदेखि दलित र भूमिहीनका नाममा राजनीति गरियो, तर उनीहरूको जीवनस्तर जहाँको तहीँ छ । लालपुर्जाको आश्वासन दिएर भोट बटुल्ने तर सत्तामा पुगेपछि बिर्सिने परम्पराले यसपटक ठूलो धक्का खाँदैछ । मतदाताले अब उम्मेदवारको अनुहार होइन, उनीहरूको इमानदारिता र विगतको कार्यशैलीको लेखाजोखा गरिरहेका छन् । यो कुनै एक दलको विरोधमात्र होइन, बरु वर्षौंदेखिको राजनीतिक ठगीविरुद्ध सचेत नागरिकले गरेको खबरदारी हो ।" उहाँका अनुसार मुसहर र अन्य दलित समुदायमा आएको यो राजनीतिक जागरणले परम्परागत शक्ति सन्तुलनलाई भत्काउन सक्ने देखिन्छ ।

अन्नको भण्डार मानिने तराईमा खेतीको समयमा रासायनिक मल नपाउनु यहाँका किसानको स्थायी पीडा हो । सुखीपुरका किसान रामवृक्ष यादव आक्रोश व्यक्त गर्दै भन्नुहुन्छ, "बाली लगाउने बेला मल पाइँदैन, धान बेच्ने बेला उचित मूल्य पाइँदैन । नेताहरू ठूला भाषण गर्छन्, तर एउटा मल डिपोको व्यवस्था गर्न सक्दैनन् । अब हामीलाई उम्मेदवारको अनुहार होइन, हाम्रो खेतमा पानी र बोरामा मल पुर्याउने प्रतिबद्धता चाहिन्छ ।"

ग्रामीण भेगका सडकहरूको बेहाल अवस्थाले यसपटक मतदातालाई निकै चिढ्याएको छ । विशेषगरी बजार क्षेत्रसँग भित्री गाउँहरू जोड्ने सडकहरू दशकौँदेखि मर्मतको नाममा कार्यकर्ता पाल्ने माध्यममात्र बनेको स्थानीयको आरोप छ । बर्खामा हिलो र हिउँदमा धुलोले गर्दा स्वास्थ्यमा समस्या परेको भन्दै स्थानीयले उम्मेदवारलाई सचेत गराएका छन् ।

स्थानीय बासिन्दाहरू भन्छन्, "हाम्रो गाउँको सडकमा वर्षैपिच्छे ग्राभेल त खन्याइन्छ, तर एक झरी पर्नेबित्तिकै त्यो बगेर जान्छ । यो सडक बनाउन आएको हो कि बजेट सिध्याउन ?" उनीहरूले अब उम्मेदवारहरूसँग सामान्य मर्मतको आश्वासन होइन, दीर्घकालीन र गुणस्तरीय पक्की सडकको ग्यारेन्टी मागेका छन् ।

यस विषयमा लहानका स्थानीयसमेत रहनुभएका मानवअधिकारकर्मी राजकुमार राउत विश्लेषण गर्नुहुन्छ, "गाउँमा निर्वाचनको मुखमा मात्र टालटुले काम गरेर मतदातालाई अल्मल्याउने र ग्राभेल हालेर बजेट सकाउने खेल अब चल्दैन । सडक निर्माणमा हुने चरम भ्रष्टाचार र कमिशनतन्त्रले गर्दा नै विकासले गति लिन नसकेको हो । मतदाताले अब पक्की सडकमात्र होइन, त्यो निर्माण प्रक्रियामा पारदर्शिता र भ्रष्टाचारमुक्त स्थानीय प्रशासनको ठोस खाका खोजिरहेका छन् ।" राउतका अनुसार सडक निर्माणको गुणस्तरमाथि प्रश्न उठाउनु र प्राविधिक विवरण माग्नुले स्थानीयस्तरमा सुशासनप्रतिको चेतना निकै बढेको छ ।

मतदाताको यो रूप देखेपछि पुराना दलका उम्मेदवार हरूले आफूले विगतमा गरेका केही कामको सूची बोकेर हिँड्न थालेका छन् । उनीहरू 'समय अभाव' वा 'प्राविधिक समस्या'का कारण केही काम रोकिएको स्पष्टीकरण दिइरहेका छन् । अर्कातर्फ, नयाँ दलका उम्मेदवारहरूले यी सबै बेथितिको कारक पुराना दल भएको आरोप लगाउँदै आफूलाई विकल्पका रूपमा प्रस्तुत गरिरहेका छन् ।

नागरिक अगुवा अर्जुन थपलिया भन्नुहुन्छ, "मतदाता अब 'रैती' बाट 'सचेत नागरिक' मा रूपान्तरण भएका छन् । उनीहरूले जात, धर्म र दलभन्दा माथि उठेर विकास र सुशासनका लागि मतदान गर्ने मनस्थिति बनाएका छन् । यो लोकतन्त्रका लागि सुखद् पक्ष हो ।" यसपटकको चुनावमा मतदाताले नेतालाई होइन, नेताले मतदातालाई रिझाउनुपर्ने र हरेक प्रश्नको तर्कपूर्ण उत्तर दिनुपर्ने अवस्थाले चुनावी परिणामलाई थप रोचक र अनुमान गर्न कठिन बनाइदिएको छ ।रासस

# राष्ट्रसंघकी आवासीय संयोजक याहियासँग महासङ्घका अध्यक्ष ढकालको भेटवार्ता



काठमाण्डु । संयुक्त राष्ट्रसङ्घकी नवनियुक्त आवासीय संयोजक लीला पिटर्स याहियासँग नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले शुक्रबार भेटवार्ता गर्नुभएको छ ।

भेटका क्रममा अध्यक्ष ढकालले नोभेम्बर २०२६ का लागि तय गरिएको अतिकम विकसित मुलुकबाट नेपालको स्तरोन्नतिको समय थप गर्न अनुरोध गर्नुभएको छ । उहाँले मुलुक अझै संरचनात्मक रूपमा तयार नभएकाले व्यावसायिक समुदायसँगको व्यापक परामर्शका आधारमा स्तरोन्नतिलाई तीन वर्ष ढिलो अर्थात नोभेम्बर २०२९ सम्म सार्न अनुरोध गर्नुभएको हो ।

अध्यक्ष ढकालले नेपालको स्तरोन्नति केवल साङ्केतिकमात्र नभई दिगो र जनताका लागि लाभदायक होस् भन्ने सुनिश्चित गर्न महासङ्घ संयुक्त राष्ट्रसङ्घसँग मिलेर काम गर्न तयार रहेको पनि बताउनुभयो । उहाँले नेपालले प्रतिव्यक्ति आयको मापदण्ड सुरुमा पूरा नभएको र यस वर्षमात्र आएर थोरैले पार गरेको र आर्थिक संवेदनशीलता अझै उच्च रहेकाले निजी क्षेत्रले यो माग गरिरहेको स्पष्ट पार्नुभयो ।

"हाम्रो उद्देश्य प्रगति रोक्नु होइन, बरु स्तरोन्नति दिगो र आर्थिक रूपमा रूपान्तरणकारी होस् भन्ने सुनिश्चित गर्नु हो", अध्यक्ष ढकालले स्पष्ट पार्नुभयो, "बैंकहरूमा तरलता भए पनि निजी लगानीको इच्छाशक्ति कमजोर छ । यस्तो बेला हतारमा गरिने स्तरोन्नतिले अवरोध निम्त्याउन सक्छ ।"

उहाँले नेपालसँगै अतिकम विकसित बङ्गलादेशले पनि तीन वर्ष थप समय माग गरेको सन्दर्भमा नेपालको निजी क्षेत्रको माग पनि सान्दर्भिक भएको बताउनुभयो । ढकालले साना तथा मझौला उद्योगहरूले सामना गरिरहेका चुनौतीबारे जानकारी दिँदै कृषिमा आधारित करिब तीन लाख उद्योग युरोपेली बजारमा बढ्दो लागत र सहुलियत कटौतीबाट प्रभावित हुनसक्ने उल्लेख गर्नुभयो ।

सो अवसरमा संयुक्त राष्ट्रसङ्घकी नवनियुक्त आवासीय संयोजक याहियाले संयुक्त राष्ट्रसङ्घ नेपालको निजी क्षेत्र सुदृढ साझेदारीका लागि सधैँ सकारात्मक रहेको बताउनुभयो । उहाँले सन् २०२६ का लागि तय गरिएको अतिकम विकसित मुलुकबाट नेपालको स्तरोन्नतिको समय थप गर्नुपर्ने सन्दर्भमा संयुक्त राष्ट्रसङ्घ, विश्व बैंक, अन्तरराष्ट्रिय मुद्रा कोष, नेपाल सरकार र निजी क्षेत्र बसेर छलफल गरी निष्कर्षमा पुग्न सकिने धारणा राख्नुभयो ।

"हामी नेपालको स्तरोन्नति होस् भन्ने चाहन्छौँ । तर, यसका लागि मुख्य सरोकारावालाहरूको धारणा महत्त्वपूर्ण रहन्छ । त्यसैले सबै सरोकारवालाहरूबीच छलफल गरौँ", उहाँले भन्नुभयो ।आवासीय संयोजक याहियाले नेपालमा युवा जनशक्ति भएको, विभिन्न क्षेत्रमा सम्भावनाहरू रहेकाले आर्थिक विकासका लागि नीतिगत स्थिरताका लागि पूर्वानुमान योग्य नीति र राष्ट्रिय संस्थाहरूमाथिको विश्वास आवश्यक रहेकामा जोड दिनुभयो ।

उहाँले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि सोहीअनुरुपको रणनीति तय गर्नुपर्ने सुझावसमेत दिनुभयो । साथै उहाँले आसन्न निर्वाचन र त्यसपछिको आर्थिक परिदृश्यका बारेमा समेत चासो राख्नुभयो ।रासस

# माध्यमिकी परिक्रमाका भारतीयलाई घर फर्कन चाँजो मिलाइने



महोत्तरी । निर्वाचन सुरक्षा प्रयोजनले नेपाल-भारत सीमा क्षेत्रको आवागमन बन्द गरिँदा मिथिला माध्यमिकी परिक्रमाका भारतीय यात्रीलाई घर फर्कन व्यवस्थापन गरिने भएको छ ।

यही फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा निर्वाचनमा सुरक्षा प्रयोजनले सीमानाकाको आवागमन यही आउने सोमबार (फागुन १८ गते) मध्यरातदेखि बिहीबार (फागुन २१ गते)सम्म बन्द गरिने भए पनि परिक्रमाका भारतीय यात्रीलाई घर फर्कन सहजिकरण गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको हो ।

परिक्रमामा सहभागी भारतीय यात्रीलाई आउने मङ्गलबार (फागुन १९ गते) मध्याह्नदेखि बुधबार मध्याह्नसम्म घर फर्कन सीमानाकामा खटिएका सुरक्षाकर्मीले सहजीकरण गर्ने व्यवस्था मिलाइएको जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो । सीमानाका बन्द गरिने सो अवधिमा यात्रीलाई फर्कन (भारततिर जान) मात्र सहजीकरण गरिने जिल्ला प्रशासन कार्यालयले स्पष्ट पारेको छ । यसअघि निर्वाचनमा सुरक्षा प्रयोजनले सीमा नाका बन्द गरिएपछि भारतीय यात्री कसरी घर फर्कने भन्ने आम चिन्ता व्यक्त गरिएको थियो ।

"भारतीय यात्रीलाई घर फर्कन धनुषाका जयनगर र जटही तथा महोत्तरीका मटिहानी र भिठ्ठामोर मुख्य नाका हुन्, यी नाका भएर फर्कन सुरक्षाकर्मीले सहजीकरण गर्ने व्यवस्था मिलाइएको छ", प्रजिअ यादवले भन्नुभयो, "यसका लागि महोत्तरी र धनुषा दुवै जिल्लाका जिल्ला प्रशासन कार्यालयको समन्वयमा व्यवस्था गरिएको छ ।"

यो १५ दिने परिक्रमाका यात्री अन्तिम दिनको रात्रिबासका लागि सोमबार जनकपुर पुग्नेछन् । मङ्गलबार बिहान जनकपुरधामको अन्तर्गृह (पञ्चकोसी) परिक्रमा गरेपछि यात्रा सम्पन्न हुनेछ । यसरी मङ्गलबार मध्याह्नसम्म परिक्रमा सम्पन्न भएपछि बुधबार मध्याह्नसम्म भारतीय यात्रीलाई घर फर्कन सहजीकरणको व्यवस्था मिलाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । परिक्रमा यात्रामा उल्लेख्य सङ्ख्यामा भारतीय साधुसन्त र सर्वसाधारण सहभागी छन् ।रासस

# जनकपुरधाम महोत्सवः मैथिली सांस्कृतिक पुनर्जागरणको उत्सव

काठमाण्डु । "जनकपुरधाम केवल एउटा सहर होइन, यो आफैँमा जीवित सङ्ग्रहालय हो, चिन्तनको पाठशाला हो", मधेस प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णका यी शब्दहरू केवल औपचारिक सम्बोधनका वाक्य होइनन्, जनकपुरको आत्माको अनुवाद हुन् ।

जनकपुरधाम-जहाँ प्रत्येक गल्लीमा कथा छ, प्रत्येक मन्दिरमा स्मृति छ, प्रत्येक आँगनमा अरिपनको रेखा छ र प्रत्येक आवाजमा मैथिलीको मिठास छ । यही सहरमा विगत १० वर्षदेखि एउटा महोत्सव हुँदै आएको छ- जनकपुरधाम साहित्य-कला तथा अन्तरराष्ट्रिय नाट्य महोत्सव । हरेक दुई वर्षमा हुने यो महोत्सवको पाँचौँ शृङ्खला हालै (फागुन ५-८) सम्पन्न भएको छ । यसपटक पनि रङ्गमञ्चको उज्यालो, लोकगीतको लय र बहसको तापमा मैथिली सभ्यताको सांस्कृतिक पुनर्जागरणका स्वर गुञ्जिए ।

यो महोत्सव मैथिली विकास कोषको आयोजनामा २०७३ सालदेखि निरन्तर हुँदै आएको छ । पाँचौँ संस्करणसम्म आइपुग्दा यसले एउटा स्पष्ट सन्देश स्थापित गरेको छ- मैथिली राष्ट्रियताले केवल भावना खोजेको छैन; यसले सांस्कृतिक चेतनाको सुसङ्गठित पुनर्जागरण खोजेको छ ।

पछिल्लो समय यो महोत्सव मैथिली राष्ट्रियताको सांस्कृतिक पुनर्जागरणका लागि ऊर्जा भर्ने एक साझा मञ्चका रूपमा विकास हुँदै गएको छ । महोत्सवले जीवित सङ्ग्रहालय र चिन्तनको पाठशालाका रूपमा चिनिँदै आएको जनकपुरको सभ्यतालाई पुनर्ताजगी गर्न योगदान पुगिरहेको जानकारहरू बताउँछन् । यही सन्दर्भमा शुभकामना सन्देश दिँदै प्रदेश प्रमुख कर्णले भन्नुभएको थियो, "साहित्य, कला र नाटक कुनै पनि समाजको सभ्यताका प्रमाण हुन् । यिनले मानव हृदयलाई जोड्ने पुलको काम गर्छन् । नाटकले समाजको यथार्थ बोल्छ, साहित्यले चेतना भर्छ र कलाले सभ्यतालाई रङ्गाउँछ । प्रत्येक दुई वर्षमा आयोजना हुने यस महोत्सवले मधेसको मौलिक संस्कृति, अनुभूति र पर्यटनको सम्भावनालाई विश्वसम्म पुर्याउन जुन योगदान गर्दै आएको छ, त्यो प्रशंसनीय छ ।"

उहाँको यो कथनले महोत्सवको सार र जनकपुरको सांस्कृतिक आयामलाई सटीक रूपमा समेट्छ । वास्तवमा, मिथिलाको सांस्कृतिक धरातलमा उभिएको जनकपुर नाट्य महोत्सव केवल साङ्गीतिक वा रङ्गमञ्चीय कार्यक्रम होइन; यो पहिचान, इतिहास र समकालीन चेतनाको समागम हो ।

**जनकपुरधामः सभ्यताको जीवित पाठशाला**

प्राचीन विदेहको प्रज्ञा, माता जानकीको पवित्र पदचाप र मिथिलाको अनन्य वैभव बोकेको जनकपुरधाम धार्मिक आस्थाको केन्द्रमात्र होइन, यो बहुपरम्परा, बहुभाषिकता र बहुसांस्कृतिक सहअस्तित्वको जीवन्त अभ्यासस्थल हो । यही ऐतिहासिक भूमिमा मैथिली विकास कोषले विगत एक दशकदेखि प्रत्येक दुई वर्षमा नाट्य महोत्सव आयोजना गर्दै आएको छ । कोषका अध्यक्ष जीवनाथ चौधरीका अनुसार महोत्सवको उद्देश्य उत्सव मनाउनुमात्र होइन, यहाँको वैभवशाली संस्कृतिको उजागर गर्दै राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा ध्यानाकर्षण गर्नु हो ।

उहाँ भन्नुहुन्छ, "हाम्रो इतिहास कति समृद्ध छ भन्ने देखाउनुमात्रै छैन, त्यसलाई कसरी जोगाउने र नयाँ पुस्तामा कसरी हस्तान्तरण गर्ने भनेर विमर्श पनि गर्नुछ । महोत्सव त्यसकै माध्यम हो । भाषा, चित्रकला, नाटक, साहित्यिक गोष्ठी र विमर्शमार्फत मिथिलाको बहुआयामिक पहिचानलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउने प्रयास गरिरहेका छौँ ।"

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले महोत्सवलाई 'मैथिली जरुवा संस्कृति'को सिर्जनात्मक मञ्चका रूपमा चित्रित गर्नुभएको छ । "मैथिली समाजको विकास भनेको केवल सांस्कृतिक संरक्षण होइन, यो समावेशी सहभागिता, राष्ट्रिय एकता र मानव-पर्यावरणीय सहअस्तित्वको सशक्त आधार हो । यसलाई सामुदायिक-प्रादेशिक पहलसहित राष्ट्रिय अन्तरराष्ट्रिय पहुँच पुर्याउन आफ्नो नवजागरण र सचेत गतिशीलता आवश्यक छ । उहाँ भन्नुहुन्छ, "जनकपुर नाट्य महोत्सवले स्थानीय कला, भाषा र संस्कृतिलाई 'राष्ट्रिय भावधारा र सांस्कृतिक नारा'मा स्वअस्थित्व र अपनत्वको मौलिक अभिव्यक्ति दिँदै राष्ट्रिय-अन्तरराष्ट्रिय रूपमा पहिचान विस्तार गर्न सशक्त सांस्कृतिक मञ्चको भूमिका निर्वाह गरिरहेको छ ।"

राजर्षिजनक विश्वविद्यालयका उपकुलपति प्रा डा अमरप्रसाद यादव पनि यस महोत्सवलाई मिथिलाको सांस्कृतिक ऊर्जा नयाँ पुस्तामा सञ्चार गर्ने प्रभावकारी माध्यम बन्दै गएको उल्लेख गर्नुहुन्छ । "मिथिलाको माटो आफैँमा जीवन्त काव्य हो । यहाँको अरिपन, भजन, नचारी र नाट्य परम्पराले समाजको ऐना देखाउँछ । महोत्सवले यसलाई




विश्वसम्म पुर्याउन टेवा दिएको छ", उहाँको भनाइ छ, "राजर्षिजनकको यो तपोभूमिमा साहित्य केवल मनोरञ्जनका साधनमात्र नभएर जीवनपद्धति र संस्कारका अभिभाज्य रङ्ग हुन् । यो महोत्सवले मैथिली भाषाको मिठास, मिथिला चित्रकलाको गहिराइ र रङ्गमञ्चको जीवन्ततालाई वैश्विक क्षितिजसम्म विस्तारमा योगदान गरिरहेको छ ।"

**शोभायात्रा : सडकमा देखिने समावेशी मिथिला**

महोत्सवको सबैभन्दा आकर्षक र अर्थपूर्ण आयाम हो- पहिलो दिनको शोभायात्रा तथा सांस्कृतिक झाँकी प्रदर्शनी । मिथिलाको परम्परागत पहिरन, लोकसंस्कार, बहुभाषिक-बहुसांस्कृतिक झाँकी र विभिन्न समुदायको सहभागिताले उक्त दिन जनकपुरको सडकलाई सांस्कृतिक रङ्ग मञ्चमा रूपान्तरण गर्छ । जानकारहरू यसलाई एक प्रकारको सांस्कृतिक घोषणाको रूपमा चित्रण गर्छन् । त्यहाँ सहभागीको भावभङ्गीले घोषणा गर्छ, "हामी छौँ, हाम्रो इतिहास छ, हाम्रो भाषा छ ।"

यस्तै, उद्घाटन सत्रमा प्रस्तुत हुने सांस्कृतिक झाँकीले मैथिल सभ्यताको जीवन्तता, अनेकतामा एकता, मौलिक पहिचानसँग वर्तमान समाज र नवपुस्तालाई साक्षात्कार गर्ने अवसर दिन्छ । मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडी 'भ्रमर' भन्नुहुन्छ, "मिथिलाको कुरा किताबमा पढेरमात्रै होइन, सडकमा देखेर अनुभूति हुन्छ । यहाँ मुस्लिम समुदायका किशोरीदेखि सीमान्त समुदायका प्रस्तुति देख्दा साँचो अर्थमा समावेशी मिथिलाको झल्को पाइन्छ । त्यसलाई नवपुस्ताले महसुस गर्नेगरी प्रसार गरेको अनुभूत हुन्छ ।"

शोभायात्रामा मुस्लिम समुदायका किशोरीदेखि तामाङ सेलोसम्मको सहभागिताले एउटा गहिरो सन्देश दिन्छ- मिथिला कुनै एक जाति वा समुदायको मात्रै होइन, यो सबै जाति र सभ्यताको साझा विरासत हो । विविधतामा एकताको यो दृश्यले नयाँ पुस्तालाई पुस्तकभन्दा पर प्रत्यक्ष अनुभूतिमार्फत आफ्नो सभ्यतासँग साक्षात्कार गराउँछ ।

कोषका नाटक समिति संयोजक साहित्यकार रमेश रञ्जनको शब्दमा भन्ने हो भने महोत्सव जनकपुरको 'गौरवशाली अतित र ऊर्जायुक्त वर्तमान' लाई जोड्ने पुल बन्दै गएको छ । "जनकपुर ऐतिहासिक, सांस्कृतिक र बौद्धिक दृष्टिले महत्त्वपूर्ण भूमि हो । बदलिँदो समय र विश्वव्यापी प्रभावका कारण सामाजिक-सांस्कृतिक चुनौतीहरू देखिए पनि सकारात्मक र सिर्जनात्मक प्रयासमार्फत समाजलाई सही दिशामा अघि बढाउन सकिन्छ", उहाँ भन्नुहुन्छ, "जनकपुर नाट्य महोत्सवले स्थानीय प्रतिभा, मौलिक विषयवस्तु र समसामयिक यथार्थलाई मञ्चमार्फत प्रस्तुत गरी समाजमा चेतना र सांस्कृतिक जागरण फैलाउने काम गरिरहेको छ ।"

**नाटक र विमर्श : भावनाबाट विचारतर्फ**

महोत्सव केवल मनोरञ्जनमा सीमित छैन । यसपटक यहाँ 'उठलै किए विहाडि ?', 'नागरिक आन्दोलनः भूत, वर्तमान र भविष्य', 'सुगम प्रदेशमे दुर्लभ शिक्षा', 'लेबर सोल्जर', 'सीमान्तक स्वर' जस्ता विषयमा गहन विमर्श भयो । चार दिनसम्म भाषा, संस्कृति, शिक्षा, रोजगारी, राजनीतिक चेतना, नागरिक आन्दोलन, सीमान्त आवाज र समसामयिक मधेसका मुद्दामाथि गहन बहस भयो । यसले नीतिगत हस्तक्षेपका लागि पनि दबाब सृजना गरिरहेको छ । त्यहाँ मिथिलाको पहिचान, आदिम सभ्यताको गौरबगाथाबारे चर्चा, वर्तमानका उल्झनबारे विमर्श र सुन्दर भविष्यका लागि गहन चिन्तन पनि हुन्छ । प्रस्तुतिका विधा फरक थिए- विमर्श, नाटक मञ्चन, कवि गोष्ठी, मिथिला चित्रकला तथा हस्तकला प्रदर्शनी, वक्तृत्वकला, सांस्कृतिक कार्यक्रम तथा अन्य सङ्गोष्ठी । भाषा र शैली पनि फरकफरक थिए, तर निष्कर्षमा मिथिला र मैथिली सभ्यता तथा पहिचानको निजत्व, महत्व एवं प्रभुत्वबारे पुनर्ताजगीको प्रयास भयो ।

वरिष्ठ पत्रकार एवं कोषका सदस्यसचिव श्यामसुन्दर शशी भन्नुहुन्छ, "मैथिल राष्ट्रियता भावनाको विषयमात्र होइन; यो राजनीतिक चेतनासँग पनि जोडिएको छ ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। होली ।।

खोपा बाइनदेन भौजी होलि खेल जाइव
खोपा बाइन दे सररर भैया सररररर
वाह भाई वाह वाह खेलाडी वाह
हो खेलैय होरी हो खेलैय होली
दोहा कतार मे दोहा कतारमे
मधेशी भैया खेलैय होरी दोहा कतारमे
किनका हाथ रंग रे अबिर किनका हाथ
खेलैय होली दोहा कतारमे दोहा कतार मे
मधेशी भैया खेलैय होरी दोहा कतार मे
कोन ताल पे ढोलक बाजे कोन ताल मजिरा
कोन ताल पे रवि नाचे कोन ताल जोगीरा
भैया सररररररर भैया सरररररररररर
दोहा कतार मे मधेशी बासी खेलैय होली
दोहा कतार मे
जोगीरा सरररररररर जोगीरा सरररररररर
वाह भाई वाह वाह खेलाडी वाह
गाउँ गाउँ मे एलै भैया स्थानिय चुनाव
नेता सब भोट मगै घर घर मे जाई
जोगीरा सरररररर जोगीरा सरररररर
वाह भाई वाह वाह खेलाडी वाह
यहि बेरके भोट भैया सोइच समैझ दिहा
भष्टाचार नेता के झारु माइर भगैहा
जोगीरा सररररररर जोगीरा सररररररर
वाह भाई वाह वाह खेलाडी वाह
दोहा कतारमे मधेशी बासी खेलैय होली
दोहा कतार मे



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर,**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। होली : प्रेमरंगको ।।

त्यागी मांस मदिरा नसा पदार्थ ।
हिंसक होइन बन्नुँ प्रेमी निस्वार्थ ।।
रंगहरू यहाँ लोभ मोह र माया ।
न रंगोस् स्वच्छ हृदय र काया ।।
हो एकमात्र रंग त्यो भनेको प्रेम ।
जो दिन्छ लालित्य शीतल मर्म ।।
दुर्लभ अमूल्य सुगन्धीम अनुपम ।
जो घुलिन्छ अश्रु-जलमा सुगम ।।
पखाल्दा पनि नछुट्टोस् कदापि ।
रंगोस् तन मन त्यस रंग व्यापी ।।
आउछन् 'होली' उमंगको बर्षमा ।
रहुँ म प्रतिपल प्रेमरंगको हर्षमा ।।



**कवि : राम मण्डल**
**ठेगाना : लक्ष्मीनियाँ गा. पा.-१, सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## होली - रंग र जिम्मेवारी

साथी, होली आयो रंग बोकेर,
खुशीको सन्देश हावामा छरेर।
आँगन-आँगन हाँसो गुञ्जियो,
पुरानो रिस आजै बिर्सियो।
असली पानी, सफा रंग खेलौँ,
कसैको मन दुख्ने काम नछेलौँ।
मजाक हो तर सीमा चाहिन्छ,
सम्मान बिना होली अधुरो हुन्छ।
रंगले छोपियोस् दुःख र पीडा,
मेटियोस् मनभित्रको कालो छाया।
साथीको आँखामा खुशी देखौँ,
होलीको साँचो अर्थ बुझौँ।
आज रंगीन छ संसार सारा,
माया नै हो सबैभन्दा गाढा रंग प्यारा।
होली खेलौँ हाँसी-हाँसी,
मानवता जोगाउँदै, खुशी बाँडी-बाँडी।
यदि चाहनु भयो भने



**नाम: विवेक साह**
**घर: भंगहा ना पा धर्मपुर-०८**

## ।। फागु पूर्णिमा।।

फागुनको मादक हावा चल्दा
मनभित्र लुकेका रहर जाग्छन्,
चन्द्रमाको उज्यालोमा नुहाउँदै
सपना र सम्झनाहरू भाग्छन्।
पूर्णिमा को पावन रात,
आकाशभरि चाँदी झैँ उज्यालो छर्छ,
धरतीले रङ्गको सारी ओढी
हर्षले प्रत्येक मुटु स्पर्श गर्छ।
अबिरको एक चिम्टीले
रिसाएका मनहरू मिलाउँछ,
गुलालको मिठो स्पर्शले
टाढिएका आत्मा नजिक ल्याउँछ।
साथीभाइको हाँसो गुञ्जिँदा
आँगन नै स्वर्ग झैँ देखिन्छ,
मिठा परिकारको सुवाससँगै
सम्बन्धको माया अझै गहिरिन्छ।



**नाम : खुशी कालिकोटे**
**घर: ओखलढुङ्गा**
**हाल: जनकपुरधाम**

## ।। तिमी बिना म छैन ।।

तिमीलाई भेट्नु अघि
जीवन त चलिरहेको थियो,
तर तिमी आएपछि मात्र
म बाँच्न थालेको थिएँ जस्तो लाग्यो।
तिमी मेरो भाग्यको लेखाइ हौ कि,
मेरो प्रार्थनाको उत्तर?
किनकि जब-जब म टुट्न खोजें,
तिमी नै आयौ मेरो सहारा बनेर।
रातको सन्नाटामा
जब सबै आवाज हराउँछन्,
मेरो मनभित्र भने
तिम्रो नाम नै गुञ्जिरहन्छ।
तिमी रिसाउँदा
मेरो दिन अँध्यारो हुन्छ,
तिमी हाँस्दा
मेरो संसार उज्यालो हुन्छ।
मलाई धन, दौलत, नाम केही चाहिँदैन,
बस तिमी साथ रहोस्–
मेरो हातमा तिम्रो हात होस्,
र समयले जति परीक्षा लिए पनि
हाम्रो माया कहिल्यै नथाकोस्।
यदि कहिल्यै म कमजोर भएँ भने,
मलाई छोडेर नजानु है...
किनकि तिमी बिना
म अधुरो मात्र होइन–
म त म नै रहन्नँ।



**लेखक: दिलीप कुमार दास**
**ठेगाना: लक्ष्मीपुर ०४- धनुषाधाम**

## ।। मन होइय गाउ जैयती ।।

छुटल सब सङी साथीके बोलैयती
खेल जे बचेमे खेलली उ सब फेर खेलती
पोखैरमे नहैयती,खदिहामे माछ पकैरती
३ मन होइय गाउँ जैयति ३
खेतमे बाबाके जलखैय पुगैयती
नदिमे नाउ कागजके बहैयती
धानके गमहरा चिरके खैयती
सिसोके छाउमे खुब निदैयती
३ मन होइय गाउँ जैयती ३
आङनमे साझके समय तारा बुलैयती
लोरि केकरा अबैय हौ?बोइलक कुछ अपनो सुनैयती
झुठस दुरि साच स रिश्ता रखैयती
दर्पन जेहन हब हमर.उहे हम सबके देखैयती
३ मन होइय गाउँ जैयती ३
आमके टिकोला बिछके लैयती
शर्दीमे बिना नहैयले खैयती
गर्मिके महिना वन अगोइरती
गामक रेलस घुमे जैयती
३ मन होइय गाउँ जैयती ३



**कलम : स्नेही साह**
**ठेगाना : जनकपुरधाम ११( कुर्था )**
**हाल : खाडीमा**

## ।। रगतले भिजेको जुत्ता.।।

खुशी अनि रहरहरु बोकेर
काठमाडौं शहर आए ।
परिवर्तन हुन्छ नेपाल् भनेर
तर कहिल्यै सोचीन
मेरो जुता अनि रगत घर पुग्छ् भनेर
आज मेरी आमा कती रोईन
साथीहरू मेरो आफन्त कति रोए
म देश परिवर्तन गर्ने घरबाट
निक्लेको थिए ।
तर मलाई लछार पछार पारियो
मलाई यहाँ गोली चलायो ।
म सगै मेरो साथी हरू ढले
यो कस्तो हत्यारा सरकार
रगतले भिजेको जुता
सपना थियो नेपाल आमा हासेको हेर्ने
तर कुर्सीको लागी तिमिले गोली चलाउने आदेश दियो
रोएको आमाको आँसु ले
तिम्रो राजनैतिक अन्ताहुनेछ ।
आज जुत्ता छ ।
रगतले भिजेको छ ।
तेही जुत्ताको निम्ति
युवा हरु अब उठ
बिद्रोह गर्नु पर्छ
, आँसु हरु बगिरहेका छन् ।
यो जुत्तासँगै हाँस्दै हिंडथे,
रमाइलो गर्थे ।
पसिना हरु बगाउँदै श्रम गर्थे,
कहिले खेलमै रमाउँथे,
तर आज–सबै सपनाहरू
रगतको दागमा हराए जस्तो भयो
सडक हरु मौन छन
गाउँ बस्ती हरु सुनसान भएको छ
आमा रोईरहेकी छिन
छोरा छोरीको यादहरुमा
एक अधुरो जीवन,
एक अधुरो सपना,
एक अधुरो भविष्य ।
रगतले भिजेको जुत्ता
"मसँग बोल्ने शब्द हरू छैन
दरवार जल्यो
गरिबको घर जल्यो
हरेक घर हरूमा आगो बल्यो
रगतले भिजेको जुत्ता
मान्छे मरेपछि जुत्ता बाँच्छ,
जुत्ता बाँचेपछि यादहरू बाँच्छ,
रगतले भिजेको जुत्ता



**नाम- प्रेम शर्मा ' एकान्त प्रेमी '**
**ठेगाना- कालेबुङ**

## ।। घण्टी ।।

हरेक घरमा शंखनाद घन्टीको बालेनले प्रतिनिधित्व गर्नेछ
प्रधानमन्त्री बनेर देशको छ आस बच्चाबच्चाको
ईश्वरीय देनमा आवाज छ शान्तिको ध्वनी घन्टीको
आवेशमा नआउ घन्टी बजाई
स्वस्तिक चिन्ह झलकाउ घर घरको पूजा कोठामा
यो छाप होइन हरेक नेपालीको मुटुको पहिचान हो घन्टी बालेन नै हो
समाजमा घन्टीको छायाँ
हामीलाई चाहिने सुशासन संस्कार शिक्षा सीप अनि रोजगार
देशमा बहुप्रतिभाशील इन्जिनियर बालेनको उदय
ले बन्नेछ समृद्ध नेपाल
रोजगारमूलक देश एकआपसमा भाइचाराको परिवेश
वैदेशिक व्यवस्थापन स्वदेशी पुँजी स्वदेशी हात उत्कृष्ट मिश्रण अनुपम स्वाद
विदेशिनु तर सिकेर आएका लुइरबुद्धि आफ्नै देशमा इस्तेमाल गर्नु
शिपले सुशोभित हाम्रा नेपाल समाज यसलाइ सबै माँझ उजागर गरौं
युवाको सरकार भित्र्याउ
बा भनाउँदाहरू विशिष्ट सल्लाहकारमा रहनु
स्वतन्त्र छौ हामी लोकतान्त्रिक गणतन्त्रात्मक देशमा
कसैको लङ्गोट नबनौ
हनुमान कट्ठ बनी आफ्ना आफ्ना घरद्वार स्वर्ग बनाउ
हर घरमा रोजगार भए समाज विकसित हुन्छ
स्वत नेपाल समाज स्वर्णिम बन्छ
यही नै हो आम नागरिकको संखनाद घन्टीको आह्वान
कवि प्रमोद राम
जनकपुरधाम



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। अधुरो प्रेम ।।

" छ्या,मैले यो धोकेबाजलाई माया गरेछु!"-वेदना,अफसोस,क्षोभ र ग्लानिसँगै स्वयंलाई मनमनै दोस्याउदै रश्मिकाले मोबाइल फोनको कन्टेक्ट लिस्टबाट रोहणको नम्बर वाट्सएपबाट मेसेज भएभरको जम्मै डिलिट गर्छे। रोहणलाई सबै सोसियल साइटहरूमा ब्लक गर्छे ।

पहिला पनि उनीहरूमाझ सासाना झगडा ठस्कोमस्को भइरहन्थ्यो र फोन नम्बर ब्लक लिस्टमा लगाउने, सोसियल साइटहरूमा ब्लक गर्ने भइरहन्थ्यो एक दुई दिनलाई तर आज रश्मिकाले सधैँलाई रोहणको नम्बर डिलिट गरि । सोसियल साइटहरूमा ब्लक गरि।जब रश्मिकाले थाहा पाइन् रोहणले सरकारी जागिर खाने युवती विवाह गरि ल्याएको।

हिजआज मनको पीरहरू भुलाउन ,रोहणले दिएका धोकाका चोटहरू भुलाउन।रश्मिका राति सधैँ मिल्ने साथी नितेनसित फोनमा बात गर्छे।नितेन खुबै धैर्यसँग रश्मिकाका बातहरू सुनिदिन्छ। रश्मिका रोहणलाई कति धेरै माया गर्थी।उसलाई उसको दिदी बहिनीहरूले साथीहरूले ' रोहण राम्रो केटा छैन,उ तिमीहरूका सम्बन्धमा इमानदार छैन '-भनेर भन्दा सम्झाउदा उनी उल्टा दिदी बहिनीहरूसित साथीहरूसित रिसाउ थिइन्। उनीहरूका कुरा पटक्कै पत्यार गर्दिन थिइन्।यस्तै आफ्नो व्यथाहरू गल्तीहरू नितेनलाई पोखाऊ थिइन् ।

यसरी प्रत्येक दिन रश्मिका र नितेन घण्टौ घण्टा फोनमा गफ नगरि नहुने भइसकेका थिएँ।उनीहरूका सम्बन्ध मित्रता देखि अलिक नजिक आइसकेका थिएँ।यसरी हरेक दिन बातचित गर्ने सिलसिलामा एक दिन नितेनले रश्मिकालाई 'डेलो डाँडा, कालेबुङ घुम्न जाने ,चौध फरवरी भेलेन्टाइन डे मा ' प्रस्ताव राखेँ।रश्मिकाले सहर्ष स्वीकार गरिन् ।

ती दुई प्रेमी जोडी स्कुटिमा डेलो डाँडा पुगेँ।त्यहाँ थुप्रै युगल प्रेमीहरू बसिरहेका थिए ।उनीहरू पनि गएर एक ठाउँ बसेँ।रश्मिका चञ्चली स्वभावकी अलिक धेरै बोल्ने।नितेन गम्भीर स्वभावको कम्ती बोल्ने ।रश्मिकाले ' नितेनसित घुम्न जान्छु भनेर आमालाई भनेर आएको ।आमाले घर छिट्टो आउनु भन्नुभाको ।पापा यसपाली दसैँमा मात्र आउनुहुन्छ। पापाको पल्टन पन्जाबमा भएको।भाइ कोलकाता कलेज पढदै गरेको ।आफू एम ए सकेर अब बी एड गर्ने योजना बनाई रहेकी-वृत्तान्त सुनाइन्।यतिकैमा नितेनले रश्मिकाको हात समातेर गम्भीर भइ भन्छ -"रश्मिका म तिमीलाई पहिला देखि माया गर्थे /गर्छु/गरिरहन्छु "।

रश्मिका भावना प्रेम आवेगको सागरमा चुर्लुम्म डुब्दै नितेनलाई अङ्गालो हाल्दै भन्छे -" आई लभ यु रोहण "!

प्रेम प्रणयको पराकाष्ठा टेक्दै भाव विभोर भइ रश्मिकाको ललाटमा बिस्तारो चुम्बन गर्दै नितेन भन्छ -"आई लभ यु मन्जु "!

रश्मिका झसङ्ग झस्किन्छे, आफूले नितेनलाई रोहण भनि पठाएको कारण अनि नितेनले आफूलाई मन्जु।



**लेखक: सुदेश नेचाली राई**
**रामधुरा , कालेबुङ**

## ।। के बदि्लयो ? ।।

हिजो पनि गुनासो
उहीँ थियो ।
आज पनि जन आवाज
उसतै छ ।
व्यवस्था फेरियो भन्छ ।
तर, अवस्था जस्ताको त्यस्तै छ।
नाम बदि्लयो, नारा बदलियो ,
तर, मान्छे उसतै छ ।
कुर्सी बदलियो ,
मर्यादा बदि्लयो।
तर, स्वार्थ भने उस्तै छ।
यो देश हाम्रो ,
कति अघि पुग्थियो होला ,
विकास समृद्धि घर घर पुग्थ्यो होला ।
स्वदेशमै दशैंको टिका लगाउन पाउँथे युवा,
छठ, दिपावली , होली घरमै मनाउन पाउँथे युवा।।



**नाम: कृष्ण कुमार महतो**
**ठेगाना-बर्दिबास-७ प्रेमनगर**
**अध्ययनरत:श्री महेन्द्र मा.वि. ढल्केवर**

## ।। साथीहरूको सम्झना ।।

तिमीहरू बिना खाली लाग्छ
दिन,हासो पनि हुन्छ
आजकल कमछिन।
संगै बिताएका ती मीठा पल,
मनमा घुमिरहन्छन् हरपल।
चिया पसलका हाँसो र गफ,
सानो कुरामा ठुलो रमाइलो सफ।
आज टाढा छौँ, तर मन
नजिक छ,साथीको माया
कहिल्यै फिक्का हुँदैन नि त।
छिट्टै फेरि भेटौँला कुनै दिन,
फेरि हाँसौँला पुरानै छिनछिन।




**लेखक रोहन भुजेल**
**जनकपुर -४**

# नेपाली कम्युनिष्ट पार्टीप्रति जनताको विश्वास बढ्दै गएको छ : संयोजक दाहाल

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पार्टीप्रति जनताको विश्वास र भरोसा बढ्दै गएको बताउनुभएको छ।

नेकपा नुवाकोट-



काठमाडौं सम्पर्क समन्वय समितिद्वारा शुक्रबार आयोजित कार्यक्रममा उहाँले पछिल्लो समय नेकपा आक्रामक रूपमा अगाडि बढिरहेकाले यस पार्टीप्रति जनताको विश्वास र भरोसा बढ्दै गएको बताउनुभएको हो। "पुरानो दुई दल कांग्रेस र एमाले रक्षात्मक अवस्थामा पुग्दा नेकपाप्रति जनताको विश्वास बढ्दै गएको छ", उहाँले भन्नुभयो।

पूर्वप्रधानमन्त्री दाहालले नेकपाले अघि सारेका नीति, योजना र कार्यक्रमले मात्र मुलुकको स्वाधिनताको रक्षा र जनहितको पक्षमा काम गर्नसक्ने बताउनुभयो। उहाँले अबको पाँच दिन जनताको घरघरमा पुगेर सम्झाउन सके नेकपा मुलुककै पहिलो राजनीतिक दल बन्ने दाबी गर्नुभयो।

"नेपाली कम्युनिष्ट पार्टीमात्रै त्यस्तो पार्टी बनेको छ, जुन महाअभियानका रूपमा निर्वाचनमा अगाडि बढेको छ र उभारका रूपमा देखापरेको छ, अन्य पुराना पार्टीहरू रक्षात्मक छन्।

हामीमात्रै आक्रामक ढङ्गले अगाडि बढेका छौँ", पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो।नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को तर्फबाट नुवाकोट क्षेत्र नं १ मा पूर्वमन्त्री हितबहादुर तामाङ र क्षेत्र नं २ मा हिरानाथ खतिवडा उम्मेदवार छन्।रासस

# सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनाउनेले नै जलाए: सभापति लामिछाने



चितवन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले जेनजी आन्दोलनका क्रममा भएका आगजनीको आरोप पुराना दलहरूलाई लगाउनुभएको छ। उहाँले शुक्रबार आयोजित परिवर्तन उद्घोष सभालाई सम्बोधन गर्दै भन्नुभयो, "सिंहदरबार त्यसैले जलाए, जसले त्यसलाई भ्रष्टाचारको अखडा बनाए।"

आफूहरू जनतालाई सुशासनको प्रत्याभूति गराउन आएको उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "हामीलाई यसपटक हेर्नुस् परिवर्तन नभए तपाईँहरूको पार्टीमा समाहित हुन्छौँ।" पाँच वर्ष रास्वपालाई काम गर्ने अवसर दिनसमेत उहाँले मतदातालाई आग्रह गर्नुभयो। जेनजीको भावनालाई आत्मसात् गर्दै परिवर्तनको पक्षमा मतदान गर्न उहाँले आग्रह गर्नुभयो।त्यसैगरी रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले नेपालको उत्पादनलाई प्रयोग गर्ने प्रचलन बढाउन आवश्यक रहेको बताउनुभयो। अहिले कृषि र पर्यटन क्षेत्रमा समस्या रहेकाले उहाँले आगामी दिनमा यी समस्याहरूको समाधान गर्न आफूहरूलाई मतदान गरी विजयी गराउन आग्रह गर्नुभयो।

चितवनले सिङ्गो देशलाई पर्यटन व्यवसाय कसरी गर्ने भनेर सिकाइ रहेको बताउँदै उहाँले चितवनले बदलेको देशलाई सबैले मिलेर सहयोग गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "आफ्नो घरमा खाने गरेको खानेकुरा पर्यटकलाई बेचेर पर्यटन व्यवसायमात्रै गरेका छैनन्, नेपाललाई विश्वमा चिनाएका छन्। चितवनवासीबाट सिङ्गो देशले सिक्नुपर्छ।"

किसानले उत्पादन गरेको दूध, तरकारी सडकमा बगाउनुको एउटै कारण तिनै नेताको सिन्डिकेटका कारण भएको उहाँले बताउनुभयो।कार्यक्रममा रास्वपाका उपसभापति स्वर्णिम वाग्लेले रास्वपा जनतालाई भयबाट मुक्त गर्दै आशाको राजनीतिबाट माथि उठाउन आएको बताउनुभयो। कार्यक्रममा रास्वपाका नेताहरू सोविता गौतम, हरि ढकाल, गण्डकी प्रदेश अध्यक्ष राजन गौतम, केन्द्रीय समस्य राजन गौतमलगायतले सम्बोधन गरेका थिए।रासस

# चीनबाट प्राप्त सहयोगप्रति प्रधानमन्त्रीद्वारा कृतज्ञता व्यक्त

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङले शुक्रबार शिष्टाचार भेट गर्नुभएको छ। त्यस अवसरमा उहाँहरूबीच नेपाल-चीन सम्बन्धका विविध पक्षबारे विचारविमर्श भएको थियो।



प्रधानमन्त्रीको सचिवालयका अनुसार प्रधानमन्त्री कार्कीले राजदूत चाङलाई बधाई ज्ञापन गर्दै कार्यकाल सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो। साथै उहाँले राजदूतले प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने र दुई देशबीचको मित्रवत् सम्बन्धलाई अझै उचाइमा पुऱ्याउने महत्त्वपूर्ण भूमिकामा सफल हुने विश्वास व्यक्त गर्नुभयो।

चिनियाँ राजदूत चाङले प्रधानमन्त्री कार्कीलाई मुलुकमा शान्ति, सुरक्षा र कानुनको शासन बहाल गरी शान्तिपूर्ण वातावरणमा निर्वाचन हुने सुनिश्चितता भएको भन्दै बधाइ ज्ञापन गर्नुभयो। नेपालको यस प्रक्रियामा चीनको साथ र सहयोग रहेको पनि उहाँले बताउनुभयो।

प्रधानमन्त्री कार्कीले पनि नेपालको लोकतान्त्रिक प्रक्रियाको महत्त्वपूर्ण हिस्सा निर्वाचनमा चीनबाट प्राप्त सदासयता र सहयोगका लागि कृतज्ञता ज्ञापन गर्नुभयो।

साथै विकासका विभिन्न परियोजनामा चीनबाट प्राप्त सहयोग र साझेदारीका अवसरहरुप्रति नेपाल र नेपाली जनताका तर्फबाट आभार व्यक्त गर्नुभयो।प्रधानमन्त्री कार्की र चिनियाँ राजदूतले दुवै देशका जनताले मनाउँदै आएका चिनियाँ नयाँ वर्षका अवसरमा शुभकामना पनि आदानप्रदान गर्नुभयो।

संस्कृति, भूगोल र ऐतिहासिक सम्बन्धले दुवै मुलुकलाई कसिलोसँग जोडेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले नेपाल पञ्चशीलको सिद्धान्तमा अडिग रहेको, एक चीन नीति अवलम्बन गर्दै आएको र निकट छिमेकी मुलुकको अहितमा कुनै पनि गतिविधि हुन नदिनेमा पनि सदाझैँ स्पष्ट रहेको बताउनुभयो।

एउटा मुलुकमा अस्थिरता हुँदा अर्कोमा पनि समस्या हुन सक्ने भन्दै उहाँले क्षेत्रीय शान्ति र स्थायित्वका निम्ति पनि आपसी सहकार्य मजबुत बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो।चिनियाँ राजदूतले नेपाल सरकारको नीति र अडानका लागि चिनियाँ जनता र राष्ट्रपतिकातर्फबाट हार्दिक कृतज्ञता ज्ञापन व्यक्त गर्नुभयो।रासस

## प्रतिनिधिसभा सदस्य निर्वाचन :

# आयोगले पत्ता लगायो ६१२ वटा हानिकारक सूचना

काठमाण्डु । निर्वाचन आयोगमा स्थापना भएको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत सञ्चालनमा रहेको सूचना सदाचार प्रवर्द्धन एकाइले हालसम्म कूल ६१२ वटा हानिकारक सूचना पत्ता लगाएको छ।




यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा विद्युतीय कारोबार ऐन, २०६३ आकर्षित हुने ५४५ वटालाई नेपाल प्रहरीमा र निर्वाचन आचारसंहिता, २०८२ आकर्षित हुने १२१ वटालाई केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाइएको आयोगले जनाएको छ। यसैगरी प्रेस काउन्सिल ऐन, २०४८ आकर्षित हुने ७४ वटालाई प्रेस काउन्सिलमा र विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ आकर्षित हुने एउटालाई विज्ञापन बोर्डमा कारबाहीका लागि लेखी पठाइएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

यसरी पठाइएकामध्ये हालसम्म नेपाल प्रहरीले १३२ वटा (३९ प्रतिशत), केन्द्रीय आचारसंहिता अनुगमन समितिले ९० वटा (७४ प्रतिशत) र प्रेस काउन्सिल नेपालले ३२ वटा (४३ प्रतिशत)लाई कारबाही गरेको छ।संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमले गरेको एक अध्ययनबाट नेपालको निर्वाचन सम्बन्धमा सम्प्रेषण गरिएका हानिकारक सूचनामध्ये ५४ प्रतिशत सूचना कृत्रिम बौद्धिकता (एआई) बाट निर्मित 'डिप फेक' चित्र तथा भिडियोहरू प्रयोग भएको पाइएको छ।

हालको सुरक्षा अवस्थाको समीक्षा तथा आगामी दिनमा राजनीतिक दल र उम्मेदवारले आयोजना गर्ने सभा, जुलुसलगायतका कार्यक्रम, प्रचारप्रसार निषेध अवधिमा आचारसंहिताको पालना र मतदानको दिनको सुरक्षालाई प्रभावकारी बनाउन उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठक सम्पन्न भएको आज आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइयो।

बैठकमा भएको समीक्षाबाट हालसम्मको सुरक्षा अवस्था सन्तोषजनक रहेको पाइएको छ भने मतदान पूर्व र मतदानको दिनमा सुरक्षा व्यवस्था प्रभावकारी बनाउन बैठकको निर्णयका आधारमा आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ। प्रचारप्रसार निषेध अवधि यही फागुन १८ गते राति १२:०० बजेदेखि लागू हुने निर्वाचन प्रचारप्रसार निषेध अवधिमा पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न गराउन गृह मन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायलाई निर्देशन दिने निर्णय पनि आयोगले गरेको छ।

जिल्ला आचारसंहिता अनुगमन समितिले आवश्यक व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता २०७९ को दफा १७ र १८ बमोजिम निषेध गरिएका कार्य हुन नदिने र कही कतै भए गरेको पाइएमा प्रचलित कानुन बमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन आयोगले भनेको छ।

मतदानको मितिभन्दा ७ दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादकपदार्थ बिक्री-वितरण तथा सेवनमा प्रतिबन्ध लगाउन आयोगले निर्देशन दिएको छ। मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन (एम्बुलेन्स, दमकल, शव वाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारीसाधन), कूटनीतिक निकायका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधनबाहेक अन्य सार्वजनिक तथा निजी सवारीसाधनहरू यही फागुन २० गते राति १२:०० बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाइने भएको छ।

मतदानको दिनमा अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई उडानहरू यथावत सञ्चालनको व्यवस्था मिलाइएको छ। अन्तरराष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुहरूलाई विमानस्थलदेखि घर/बसोबास गर्ने होटलसम्म र घर/बसोबास गर्ने होटलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने व्यवस्था भएको छ।

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ६ मा उल्लेख भएबमोजिम निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा तोकिएका सबै कार्यहरूसहित सोही दफाको खण्ड (झ) मा उल्लेख भएको निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमा नाका बन्द गर्ने व्यवस्था मिलाउने सम्बन्धमा उपयुक्त व्यवस्था मिलाउन नेपाल सरकार, गृह मन्त्रालयलाई सिफारिस गरिएको उहाँले बताउनुभयो।

प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०८२ को दफा ४३ तथा दफा ८४ मा मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र वा नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाण पूर्जा वा सवारी चालक अनुमतिपत्रको सक्कल प्रति लिएर मतदान केन्द्रमा जानुपर्ने गरी व्यवस्था गरेको छ। सोही बमोजिम कुनै एउटा कागजात साथमा लिएर मतदान गर्न जाने मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्न पाउने कुरा मतदानमा खटिने सुरक्षाकर्मी, कर्मचारी र सरोकारवालाहरूलाई सूचना संप्रेषण गरिएको र गर्न लगाइएको छ।

सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२ बमोजिम मतदानको दिनमा आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट जारी हुने सवारी पास उपलब्ध गराउन आयोगको सचिवालय परिसरमा एकीकृत सवार ीसाधन आवागमन डेस्क स्थापना गरिएको छ।

४० प्रतिशत बढी उम्मेदवारले खोले निर्वाचन प्रचारप्रसार बैंक खाता निर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरूले लिने आर्थिक सहायताको पारदर्शिता र निर्वाचन कानुनले तोकेको खर्चको सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ स्वीकृत भई कार्यान्वयनमा रहेको छ।

स्वीकृत कार्यविधिअनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भई समानुपातिक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, दलका उम्मेदवारहरू र स्वतन्त्र उम्मेदवारहरूले कार्यविधिअनुसार निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिई गर्ने आम्दानी र खर्च सोही खातामार्फत हुने व्यवस्था गरिएको आयोगले जनाएको छ। अद्यावधिक विवरणअनुसार ११ राजनीतिक दल र एक हजार ६७० उम्मेदवारले बैंक खाता **खोली सोको जानकारी सम्बन्धित कार्यालयहरूमा गराइरहेको आयोगले जनाएको छ। ४३ राजनीतिक दलले सार्वजनिक गरे घोषणापत्र**

राजनीतिक दल तथा उम्मेदवारले घोषणापत्र सार्वजनिक गर्ने र आयोग तथा सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्ने व्यवस्था निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ ले गरेको छ। आचारसंहिताको व्यवस्था बमोजिम घोषणापत्र सार्वजनिक गरी तोकिएका निकायमा पेस गर्न निर्वाचन आयोगले निर्देशन दिएकामा हालसम्म ४३ वटा राजनीतिक दलले घोषणापत्र सार्वजनिक गरी सोको जानकारी आयोगमा गराएको आज आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

### जिल्ला आचारसंहिता अनुमगन समितिमा एक हजार ७६ उजुरी, लुम्बिनी प्रदेशमा परे सबैभन्दा धेरै उजुरी

निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घन भन्दै जिल्ला आचारसंहिता अनुमगन समिति र अनुगमन अधिकृतसमक्ष कुल एक हजार ७६ वटा उजुरी परेको निर्वाचन आयोगले जनाएको छ।

त्यसमध्ये एक हजार ६१ वटा (९९ प्रतिशत) फछ्र्यौट भएको आयोगले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलना आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। प्रदेशगत रूपमा हेर्दा सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा २४४ वटा उजुरी परेका छन्। सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ९६ उजुरी परेका छन्। प्राप्त उजुरीमध्ये ९७ वटा (९ प्रतिशत) लिखित र ९७९ वटा (९१ प्रतिशत) टेलिफोन, एसएमएसलगायत अन्य स्रोतबाट प्राप्त भएका थिए।

प्राप्त उजुरीमध्ये सबैभन्दा धेरै तोकिएको आकारभन्दा ठूला तुल, ब्यानर र झण्डा प्रयोग गरेको, सामाजिक सञ्जालको दुरूपयोग गरेको, डिजे माइक बजाएर ध्वनि प्रदूषण गरेको, शिक्षक तथा कर्मचारीहरू र स्थानीय जनप्रतिनिधिहरू प्रचारप्रसारमा हिँडेको, सार्वजनिक स्थान र सवारीसाधनमा झण्डा टाँगेको, अनुमति नलिएका सवारीसाधन प्रयोग गरेकोलगायत विषयमा रहेको उहाँले बताउनुभयो।

निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाही गर्ने प्रक्रिया जारी राखेको छ। आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, आचारसंहिता अनुगमन अधिकृत, सुरक्षा निकाय तथा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयहरू क्रियाशील छन्। केन्द्रीय आचारसंहिता अनुगमन समितिमा इमेल, व्यक्तिगत दर्ता तथा सञ्चारमाध्यमबाट जानकारी लिइएका समेत २५४ उजुरीमध्ये ८८ वटा उजुरीमा स्पष्टीकरण सोधिएकामा ५७ वटाको जवाफ प्राप्त भएको आयोगले जनाएको छ।

### चार राजनीतिक दललाई सोधियो स्पष्टीकरण

आयोगबाट सोधिएका स्पष्टीकरणमध्ये राजनीतिक दलहरूलाई सोधिएका स्पष्टीकरणको सङ्ख्या चार र उम्मेदवारलाई सोधिएको स्पष्टीकरणको सङ्ख्या ३३ रहेको छ। त्यसबाहेक सरकारी/शैक्षिक संस्था/कर्मचारी तथा अन्य व्यक्तिलाई ५१ वटा स्पष्टीकरण सोधिएको छ। प्रदेशगत रूपमा कोशी प्रदेशमा आठ, मधेस प्रदेशमा १३, बागमती प्रदेशमा ४०, गण्डकी प्रदेशमा छ, लुम्बिनी प्रदेशमा सात, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा चारवटा रहेका छन्।

### शक्तिबहादुर बस्नेत, निकोलस भुसाल र श्रम संस्कृति पार्टीलाई २५-२५ हजार जरिवाना

आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीका प्रक्रियाअन्तर्गत आयोगबाट सम्बन्धित राजनीतिक दल, उम्मेदवार तथा निकायबाट स्पष्टीकरणसमेत लिई सोउपर जाँचबुझपछि निर्णय भएको छ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (झ) र (ण) विपरीत कार्य गरेकोमा नेपाली कम्युनिस्ट पार्टीका जाजरकोट निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार शक्तिबहादुर बस्नेतलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) तथा आचारसंहिताको दफा ४८ को उपदफा (१) बमोजिम रु २५ हजार जरिवाना गर्ने निर्णय भएको उहाँले बताउनुभयो।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ठ), (ण) र (प) प्रतिकूल कार्य गरेकामा आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा रूपन्देही निर्वाचन क्षेत्र नं २ मा नेपाल जनसेवा पार्टीका उम्मेदवार डा कमल भुसाल (निकोलस भुसाल)लाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) तथा आचारसंहिताको दफा ४८ को उपदफा (१) बमोजिम रु २५ हजार जरिवाना गर्ने निर्णय भएको छ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (छ) र ऐ, आचारसंहिताको दफा १३ को उपदफा (१) को खण्ड (घ) को उल्लङ्घन गरेकामा श्रम संस्कृति पार्टीलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) तथा आचारसंहिताको दफा ४८ को उपदफा (१) बमोजिम रु २५ हजार जरिवाना गर्ने निर्णय भएको छ।

### खगेन्द्र सुनार र शोभा पाठकलाई आयोगले गरायो सचेत

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट बाँके निर्वाचन क्षेत्र नं ३ का उम्मेदवार खगेन्द्र सुनारलाई निर्वाचन आचारसंहिता प्रतिकूल हुनेगरी अभिव्यक्ति नदिन सचेत गराउने निर्णय भएको आयोगले जनाएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भक्तपुर निर्वाचन क्षेत्र नं २ मा नेपाल जनसेवा पार्टीबाट उम्मेदवार रहनुभएकी जानुका पाठक (शोभा)ले जेनजी आन्दोलनमा रगतले लतपतिएको आइकोनिक जुत्ता दुरूपयोग नगर्न सचेत गराउँदै अब उप्रान्त यस्तो कार्य गरेमा प्रचलित निर्वाचन कानुनबमोजिम कारबाही गरिने निर्णय भएको पनि पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

### गोरखापत्र संस्थानका दुई प्रदेश संयोजक पदमा बहाल

गोरखापत्र संस्थानले निर्वाचन आचारसंहिता, २०८२ को दफा ७ को खण्ड (च) र (छ) विपरीत कार्य गरेकामा मधेस प्रदेशस्तरीय कार्यालयका संयोजक धर्मेन्द्रकुमार झा र बागमती प्रदेशस्तरीय कार्यालयका संयोजक शालिग्राम नेपाललाई साविककै पदमा कार्य गर्न दिनेगरी निर्णय भएको पनि आयोगले जनाएको छ। ढोरपाटन सिकार आरक्ष प्रमुख चौधरी र श्री माध्यमिक विद्यालयका शिक्षक ठाकुरलाई विभागीय कारबाही सिफारिस

वन तथा वातावरण मन्त्रालयअन्तर्गत ढोरपाटन सिकार आरक्ष कार्यालयका प्रमुख रामदेव चौधरीले निर्वाचन आचारसंहिता प्रतिकूल हुनेगरी सामाजिक सञ्जालमा द्वेषपूर्ण तथा अपमानजनक अभिव्यक्ति दिई निर्वाचन आचारसंहिता, २०८२ को दफा ७ को खण्ड (क) र (झ) विपरीतको कार्य गरेकामा निजामती सेवा ऐन, २०४९ को दफा ४२ को उपदफा (१), सोही ऐनको दफा ४४ बमोजिम विभागीय कारबाही गरी सोको जानकारी आयोगमा गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको पनि आयोगका प्रवक्ता भट्टराईले बताउनुभयो।

धनुषा जिल्लाको मिथिला बिहारी नगरपालिका वडा नं ५ मा रहेको श्री माध्यमिक विद्यालयका शिक्षक दीपनारायण ठाकुर राजनीतिक गतिविधिमा संलग्न भई निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड (क) प्रतिकूल कार्य गरेकामा शिक्षा ऐन, २०२८ बमोजिम विभागीय कारबाही गरी आयोगमा जानकारी गराउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको पनि उहाँले बताउनुभयो।रासस

# फेरि कसैले पनि भ्रष्टाचार गर्न नसक्ने गरी काम गर्छौं : सभापति थापा



गण्डकी । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले मुलुकमा फेरि कसैले पनि भ्रष्टाचार गर्न नसक्ने गरी काम गर्ने सङ्कल्प गर्नुभएको छ। नेपाली कांग्रेस कास्कीद्वारा शुक्रबार पोखराको अमर सिंहचौरमा आयोजित बृहत् आमसभालाई सम्बोधन गर्दै उहाँले देशले भ्रष्टाचारबाट मुक्ति चाहेको बताउनुभयो।

कांग्रेसले २०४६ सालपछि प्रधानमन्त्री बन्नुभएका शेरबहादुर देउवाको सम्पत्ति, मन्त्री भएको गगन थापाको सम्पत्तिबाट नै छानबिन सुरु गर्ने बताउँदै उहाँले कसैलाई नछोडिने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "आफ्नो बा भए पनि छोड्दैन। एउटा, एउटा कुराको छानबिन गर्छ। एउटा एउटा काण्डको छानबिन गर्छ।"

मुलुकमा शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्योग क्षेत्रमा प्रत्येक क्षेत्रमा पाँच वर्षभित्र क्रान्तिकारी रुपान्तरण ल्याउने गरी पार्टीले सरकार बनाएर काम गर्ने उहाँले जिकिर गर्नुभयो। पाँच वर्षको यो समय देशलाई सम्हाल्नुपर्ने अवस्था रहेको र कुनै पनि द्वन्द्व अब नेपालले थेग्न नसक्ने बताउँदै उहाँले बढो जतनका साथ सबैलाई मिलाएर लैजानुपर्ने अवस्था रहेको बताउनुभयो। गण्डकीमा परिणाम आउने गरी पर्यटन क्षेत्रको विकास गर्नु आवश्यक रहेको उहाँले बताउनुभयो।

कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले आवेग र उत्तेजनामा नभइ सोचेर मतदान गर्न आम मतदातासँग आग्रह गर्नुभयो। कांग्रेस बदलिएर परिवर्तनको सुरुवात गरेको बताउँदै उहाँले विशेष महाधिवेशनपछि नयाँ सोच र उत्साहका साथ पार्टी अघि बढेको बताउनुभयो। प्रश्नहरू गरेर त्यसबाट सन्तुष्ट बन्दै कांग्रेसमा मतदान गर्न उहाँले आग्रह गर्नुभयो।

कांग्रेसका तर्फबाट कास्की क्षेत्र नं १, २ र ३ का उम्मेदवारहरू तिलक रानाभाट, माधवप्रसाद बाँस्तोला र मनोज गुरुङले आआफ्ना चुनावी प्रतिबद्धतासहित भनाइ राख्नुभएको थियो।रासस

# पाकिस्तान–अफगानिस्तानबीच ‘खुला युद्ध’ घोषणा

एपी

इस्लामाबाद । पछिल्लो हवाई आक्रमण र सीमापार झडपपछि पाकिस्तानले अफगानिस्तानसँगको द्वन्द्व अब ‘खुला युद्ध’ मा रूपान्तरित भएको घोषणा गरेको छ । पाकिस्तानका रक्षामन्त्री ख्वाजा मोहम्मद आसिफले शुक्रबार बिहान सामाजिक सञ्जाल एक्समार्फत देशको ‘धैर्य समाप्त भएको’ जनाउँदै अब दुई देशबीच खुला युद्धको अवस्था सिर्जना भएको बताउनुभयो ।



उहाँले नाटो सेना फिर्ता भएपछि पाकिस्तानले अफगानिस्तानमा शान्ति स्थापना हुने अपेक्षा गरेको तर तालिबान सरकारले त्यसको विपरीत बाटो रोजेको आरोप लगाउनुभयो । तालिबानले अफगान जनताको कल्याण र क्षेत्रीय स्थिरतामा ध्यान केन्द्रित गर्ने अपेक्षा गरिए पनि अफगानिस्तानलाई ‘ भारतको उपनिवेश’ बनाइएको, विश्वभरका उग्रवादीलाई एकत्रित गरिएको र ‘आतङ्कवाद निर्यात’ सुरु गरिएको उहाँको दाबी थियो । “हाम्रो धैर्य अब समाप्त भएको छ । अब हामीबीच खुला युद्ध छ”, उहाँले उल्लेख गर्नुभयो । उहाँका अभिव्यक्तिबारे अफगान सरकारी अधिकारीहरूको तत्काल कुनै प्रतिक्रिया आएको छैन ।

रक्षामन्त्री आसिफको टिप्पणी पाकिस्तानले काबुल, कान्दाहार र पक्तिया प्रान्तमा हवाई आक्रमण गरेको केही घण्टापछि सार्वजनिक भएको हो । पाकिस्तानी अधिकारीहरू र अफगान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदका अनुसार यी आक्रमणहरू अफगानिस्तानबाट भएको सीमापार आक्रमणको प्रत्युत्तरस्वरूप गरिएको दाबी गरिएको छ । केही महिनाअघि कतार र टर्कीको मध्यस्थतामा युद्धविराम भएको भए पनि पछिल्लो घटनाक्रमले तनाव पुनः चुलिएको देखिएको छ ।

दुवै देशले एकअर्कालाई ठूलो क्षति पुऱ्याएको दाबी गरेका छन् तर ती विवरण स्वतन्त्र रूपमा पुष्टि हुन सकेका छैनन् । अफगानिस्तानको रक्षा मन्त्रालयले रातिको समयमा भएको कारबाहीमा ५५ पाकिस्तानी सैनिक मारिएको, केहीको शव अफगानिस्तानतर्फ लगिएको र ‘धेरैलाई जीवितै नियन्त्रणमा लिइएको’ जनाएको छ । मन्त्रालयका अनुसार आठ अफगान सैनिक मारिएका र ११ जना घाइते भएका छन् । १९ पाकिस्तानी चौकी र दुई आधार ध्वस्त पारिएको तथा बिहीबार सुरु भएको झडप करिब चार घण्टापछि मध्यरातमा रोकिएको दाबी गरिएको छ ।

यता पाकिस्तानका सूचनामन्त्री अत्ताउल्लाह तरारले दुई पाकिस्तानी सैनिक मारिएको र तीन जना घाइते भएको जानकारी दिनुभयो । प्रधानमन्त्री शाहबाज सरिफका प्रवक्ता मुशर्रफ अली जैदीले कुनै पनि पाकिस्तानी सैनिक पक्राउ परेको दाबी अस्वीकार गर्दै कम्तीमा १३३ अफगान लडाकू मारिएको र २०० भन्दा बढी घाइते भएको उल्लेख गर्नुभयो । उहाँका अनुसार २७ अफगान चौकी ध्वस्त पारिएका र नौ जना लडाकूलाई नियन्त्रणमा लिइएको छ । हताहत कहाँ भएका भन्ने स्पष्ट नगरिए पनि काबुल, पक्तिया र कान्दाहारका सैन्य लक्ष्यमा आक्रमणबाट ठूलो क्षति पुगेको अनुमान गरिएको उहाँले जनाउनुभयो ।

इस्लामाबादस्थित दुई वरिष्ठ सुरक्षा अधिकारीले केही सीमा चौकीमा अफगान सेनाले सेतो झण्डा उठाएको दाबी गरेका छन्, जसलाई सामान्यतः गोलीबारी रोक्ने सङ्केतका रूपमा लिइन्छ । नाम उल्लेख नगर्ने सर्तमा उनीहरूले पाकिस्तानी सेनाले अफगान तालिबानको ‘अप्रेरित आक्रमण’ को कडा जवाफ दिएको र सीमावर्ती क्षेत्रका महत्त्वपूर्ण तालिबान चौकीहरू ध्वस्त पारेको बताएका छन् ।

रक्षामन्त्री आसिफले तालिबान सरकारले महिलासहितका आधारभूत मानव अधिकारलाई इस्लाम अन्तर्गत प्रत्याभूत गरिएका अधिकारसमेत बेवास्ता गरेको आरोप पनि लगाउनुभयो । यद्यपि त्यसबारे विस्तृत प्रमाण प्रस्तुत गरिएको छैन । पाकिस्तानले प्रत्यक्ष र मित्र राष्ट्रमार्फत स्थिरता कायम गर्न प्रयास गरेको तर पाकिस्तानलाई लक्षित गरी आक्रामकता बढेपछि आफ्ना सशस्त्र बलले ‘निर्णायक जवाफ’ दिएको उहाँको भनाइ थियो ।

तनाव बढेसँगै मानवीय असर पनि देखिन थालेको छ । पाकिस्तानका अधिकारीहरूले उत्तरपश्चिमी तोरखाम नाकाबाट फर्किन प्रतीक्षारत दर्जनौँ अफगान शरणार्थीलाई झडप फैलिएपछि सुरक्षित स्थानमा सारिएको बताएका छन् । पाकिस्तानले अक्टोबर २०२३ देखि कागजातविहीन आप्रवासीविरुद्ध व्यापक कारबाही सुरु गरेको थियो । त्यसक्रममा धेरैलाई गिरफ्तारी र जबरजस्ती निष्कासनबाट जोगिन देश छाड्न आग्रह गरिएको थियो भने अरूलाई निष्कासन गरिएको थियो । इरानले पनि सोही समयमा आप्रवासीविरुद्ध कडाइ सुरु गरेको थियो ।

त्यसयता लाखौँ मानिसहरू सीमा पार गर्दै अफगानिस्तान फर्किएका छन् । तीमध्ये दशकौँअघि पाकिस्तानमा जन्मिएर त्यहीँ जीवन र व्यवसाय स्थापना गरेका व्यक्ति पनि समावेश छन् । संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीका अनुसार गत वर्ष मात्र २९ लाख मानिस अफगानिस्तान फर्किएका थिए भने यस वर्ष अहिलेसम्म करिब ८० हजार जना फर्किसकेका छन् ।

# गुगललाई नक्सा डाटा निर्यात अनुमति

एपी

सियोल । वर्षौंदेखि विदेशी पर्यटक र प्रयोगकर्ताले भोग्दै आएको असुविधापछि दक्षिण कोरियाले गुगललाई देशको अत्यन्तै सटीक नक्सा डाटा विदेशी सर्भरमा निर्यात गर्न सशर्त अनुमति दिएको छ । सरकारले शुक्रबार गरेको निर्णयसँगै कोरियामा गुगल नक्सा पूर्ण रूपमा सञ्चालन हुने बाटो खुलेको मानिएको छ ।

भूमि, पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार सरकारी अधिकारी र निजी विज्ञहरूको समीक्षा पश्चात् गुगलको १:५,००० स्केलको विस्तृत म्यापिङ डाटा निर्यात गर्ने अनुरोध स्वीकृत गरिएको हो । तर उक्त अनुमति नेभिगेसन सेवाका लागि आवश्यक सीमित डाटामात्र स्थानान्तरण गर्न पाइने, उचाइ रेखाजस्ता संवेदनशील विवरण समावेश नगर्ने र थप सुरक्षा उपाय अपनाउने सर्तमा दिइएको मन्त्रालयले स्पष्ट पारेको छ ।

मन्त्रालयका अनुसार गुगलले पहिलो चरणमा डाटा दक्षिण कोरियाभित्रैका सर्भरमा प्रशोधन गर्नुपर्नेछ र त्यसपछि मात्र सरकारी स्वीकृति लिएर निर्यात गर्न पाउनेछख । साथै, दक्षिण कोरियाली भूभागसँग सम्बन्धित सटीक निर्देशाङ्क हटाउन र गुगल अर्थ तथा स्ट्रिट भ्यूजस्ता समय-शृ ला सेवामा सैन्य तथा अन्य संवेदनशील स्थलका स्याटेलाइट र हवाई तस्वीरहरू धमिलो (ब्लर) बनाउनुपर्ने माग पनि सरकारले राखेको छ ।

सरकारले गुगललाई नक्सा डाटा निर्यातसम्बन्धी विषय व्यवस्थापन गर्न दक्षिण कोरियामा एक अनुपालन अधिकारी नियुक्त गर्न निर्देशन दिएको छ । तोकिएका सर्तहरू पालना नभए स्वीकृति निलम्बन वा रद्द गर्न सकिने मन्त्रालयले जनाएको छ । गुगलका सरकारी मामिला तथा सार्वजनिक नीतिका उपाध्यक्ष क्रिस टर्नरले इमेलमार्फत जारी वक्तव्यमा कम्पनीले ‘आजको निर्णयलाई स्वागत गरेको’ र ‘कोरियामा पूर्ण रूपमा कार्यशील गुगल नक्सा उपलब्ध गराउन स्थानीय अधिकारीहरूसँग निरन्तर सहकार्य गर्ने अपेक्षा’ राखेको बताउनुभयो ।

यसअघि दक्षिण कोरियाले राष्ट्रिय सुरक्षासम्बन्धी चिन्ता र संवेदनशील भौगोलिक जानकारी घरेलु सर्भरमै राख्नुपर्ने नीतिका कारण गुगलको विस्तृत डाटा निर्यात अनुरोध वर्षौंसम्म अस्वीकार गर्दै आएको थियो ।

ती प्रतिबन्धका कारण दक्षिण कोरिया त्यस्ता थोरै देशमध्ये पर्दै आएको थियो जहाँ विश्वव्यापी रूपमा लोकप्रिय गुगल नक्साको प्रयोग सीमित थियो । फलस्वरूप, स्थानीय प्रयोगकर्ताहरू प्रायः नाभर र काकाओजस्ता स्वदेशी इन्टरनेट कम्पनीका सेवामा निर्भर रहँदै आएका थिए ।

# हिंसालाई वैधानिकता दिने तालिबानको नयाँ आदेशको राष्ट्रसङ्घद्वारा निन्दा



एएनआई

जेनेभा ।मानव अधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त भोल्कर टर्कले अफगानिस्तानमा महिला र बालबालिका विरुद्धको हिंसालाई वैधानिकता दिने तालिबान सरकारको नयाँ आदेशको कडा निन्दा गर्नु भएको छ ।

मानव अधिकार परिषद्को ६१ औं सत्रको अन्तरक्रियात्मक संवादमा बोल्दै टर्कले अफगानिस्तानलाई मानव अधिकारको चिहानको रुपमा वर्णन गर्नु भएको छ । सन् २०२१ तालिवान सत्तामा आए पछि महिलाहरूलाई माध्यमिक र उच्च शिक्षा, रोजगारी, र स्वास्थ्य सेवा र सार्वजनिक स्थानहरूमा पहुँचमा प्रतिबन्ध लगाएको छ । जसले उनीहरूलाई सामाजिक र आर्थिक रूपमा सीमान्तकृत बनाएको जनाइएको छ ।

टर्कले गत महिना तालिबान नेताद्वारा हस्ताक्षर गरिएको आदेशको निन्दा गर्दै जसले मृत्युदण्डको अभ्यास विस्तार गरी शारीरिक सजायलाई वैधानिकता दिने उल्लेख गर्दै यसले महिलाको स्वतन्त्रतालाई अझ कमजोर पार्ने बताउनु भएको छ ।उहाँले यी उपायहरूले, महिलाको आन्दोलन, शिक्षा र रोजगारीमा प्रतिबन्ध मझभुत बनाउदै प्रणालीगत उत्पीडन र लैङ्गिकताका आधारमा चरम उत्पीडन र रंगभेदको सम्झना दिलाउने कुरामा जोड दिनु भएको छ।

उच्चायुक्तले तालिबानले सन् २०२५ सेप्टेम्बर देखि संयुक्त राष्ट्रका कर्मचारीलगायतका अफगान महिलाहरूलाई संयुक्त राष्ट्र परिसरमा प्रवेश गर्न प्रतिबन्ध लगाएकोमा चिन्ता व्यक्त गर्दै सम्वेदनसिलता अनिवार्य ड्रेस कोड र मिडिया, सार्वजनिक सेवा र मानवीय कार्यमा महिलाहरूले सामना गर्ने असाधारण चुनौतिहरूलाई प्रकाश पार्नु भएको छ । सार्वजनिक मृत्युदण्ड, अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रतिबन्ध र राष्ट्रव्यापी सञ्चार अवरोधले महिला तथा कमजोर वर्गका लागि जोखिम बढाएको उहाँले जनाउनु भएको छ ।

टर्कले तालिबानलाई सबै भेद-भावपूर्ण कानून र आदेशहरू खारेज गरी महिला तथा किशोरिहरुलाई शिक्षा, स्वास्थ्य सेवा, रोजगार र सार्वजनिक स्थानमा निर्बाध पहुँचको सुनिश्चितता सहित राष्ट्रसङ्घ र सहयोगीहरूलाई स्वतन्त्र रूपमा काम गर्न अनुमति दिन आह्वान गर्नु भएको छ ।

उहाँले मृत्युदण्डमा रोक लगाउन, शारीरिक सजाय अन्त्य गर्न, मनमानी गिरफ्तारी रोक्न र अभिव्यक्ति स्वतन्त्रता र महिला पत्रकारहरूको सञ्चार अधिकारको सम्मान गर्न पनि अधिकारीहरूलाई आग्रह गर्नु भएको छ ।

उहाँले महिलाहरूको निरन्तर बहिष्कार र उत्पीडनले अफगानिस्तानको सामाजिक एकता र भविष्यको विकासलाई कमजोर पार्ने बताउदै सार्वजनिक र नागरिक जीवनमा महिलाको पूर्ण सहभागिता बिना देशको वास्तविक विकास हुन नसक्ने बताउनु भएको छ ।

# सम्झौताविना टुङ्गियो अमेरिका–इरान वार्ता

एपी

जेनेभा । मध्यपूर्वमा युद्धको खतरा बढिरहेका बेला अमेरिका र इरानबीच तेहरानको आणविक कार्यक्रमबारे भएको पछिल्लो अप्रत्यक्ष वार्ता कुनै ठोस सम्झौताविना समाप्त भएको छ । जेनेभामा बिहीबार घण्टौँ चलेको संवादपछि दुवै पक्ष बाहिरिए पनि तनाव घट्ने सङ्केत स्पष्ट देखिएको छैन ।

वार्ताको मध्यस्थता गरिरहनुभएका ओमानका विदेशमन्त्री बद्र अल-बुसाइदीले ‘उल्लेखनीय प्रगति’ भएको बताउनुभयो, तर कुनै ठोस सहमति सार्वजनिक भएन । वार्ता अन्त्य हुनुअघि इरानी राज्य टेलिभिजनले तेहरान युरेनियम संवर्धन जारी राख्न प्रतिबद्ध रहेको, संवर्धित सामग्री विदेश पठाउने प्रस्ताव अस्वीकार गरेको र अन्तर्राष्ट्रिय प्रतिबन्ध हटाइनुपर्ने अडान दोहोऱ्याएको जनाएको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प इरानको आणविक कार्यक्रम पूर्ण रूपमा रोक्ने सहमति चाहनुहुन्छ। उहाँले इरान आन्तरिक असन्तोषले कमजोर बनेको बेला दबाब बढाउने अवसर देख्नुभएको छ । तर इरानले आफूलाई शान्तिपूर्ण उद्देश्यका लागि युरेनियम संवर्धन गर्ने अधिकार रहेको बताउँदै लामो दूरीको क्षेप्यास्त्र कार्यक्रम वा हमास र हिजबुल्लाहजस्ता समूहलाई समर्थनबारे छलफल गर्न अस्वीकार गर्दै आएको छ।



अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) को मुख्यालय भियनामा प्राविधिक तहका वार्ता अर्को हप्ता जारी रहने अल-बुसाइदीले जानकारी दिनुभयो । सम्भावित कुनै पनि सहमतिमा आइएइएको भूमिका निर्णायक हुने अपेक्षा गरिएको छ ।इरानका विदेशमन्त्री अब्बास अराघचीले अमेरिकी पक्षसँगको संवादलाई ‘सबैभन्दा गहन र लामो चरणको वार्ता’ बताउनुभयो । उहाँले इन्डिया टुडेसँगको अन्तर्वार्तामा सम्भावित युद्ध ‘विनाशकारी’ हुने चेतावनी दिँदै अमेरिकाले आक्रमण गरे क्षेत्रभर फैलिने जोखिम औँल्याउनुभयो । इरानले अमेरिकी सैन्य अड्डा र इजरायललाई समेत सम्भावित लक्ष्य मान्ने चेतावनी दिँदै आएको छ ।

इन्टरनेसनल क्राइसिस ग्रुपका विश्लेषक अली वेजले वार्तापछि अमेरिकी टोली तुरुन्तै नहट्नु सकारात्मक सङ्केत भएको टिप्पणी गर्नुभयो । उहाँका अनुसार दुवै पक्षबीच अझै केही साझा आधार बाँकी रहेको देखिन्छ। गत वर्ष इजरायलले इरानविरुद्ध १२ दिने युद्ध सुरु गरेपछि र अमेरिकाले इरानका आणविक साइटमा आक्रमण गरेपछि रोकिएको वार्ता यसपटक पुनः सुरु भएको थियो । करिब तीन घण्टा चलेको छलफलपछि छोटो विराम लिएर पुनः बैठक बसेको थियो । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले आणविक मुद्दा र प्रतिबन्ध राहतमा ‘रचनात्मक प्रस्ताव’ राखिएको बताउनुभएको छ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानले आणविक कार्यक्रमका तत्वहरू पुनर्निर्माण गर्न खोजिरहेको आरोप लगाउनुभएको छ। इरानले जुनदेखि संवर्धन नगरेको दाबी गरे पनि आइएइए निरीक्षकलाई बमबारी गरिएका स्थलमा प्रवेश दिएको छैन। स्याटेलाइट तस्वीरले ती क्षेत्रमा गतिविधि देखाएको विश्लेषण सार्वजनिक भएको छ।

सन् २०१५ को आणविक सम्झौताबाट अमेरिका बाहिरिएपछि इरानले युरेनियम संवर्धन ६० प्रतिशतसम्म पुऱ्याएको थियो, जुन हतियार-ग्रेड ९० प्रतिशतको नजिक मानिन्छ । अमेरिकी गुप्तचर मूल्याङ्कनअनुसार इरानले औपचारिक रूपमा हतियार कार्यक्रम पुनः सुरु नगरे पनि आवश्यक पूर्वाधार सुदृढ बनाउने गतिविधि गरिरहेको देखिन्छ।

यदि वार्ता पूर्ण रूपमा असफल भयो भने सम्भावित सैन्य कारबाहीको आकार र उद्देश्य अस्पष्ट छ । सीमित आक्रमणले इरानलाई झुकाउने कि दीर्घकालीन युद्धतर्फ धकेल्ने भन्ने अन्योल कायमै छ। यस्तो कदमले पर्सियन खाडी र इजरायलसम्म तनाव फैलिन सक्ने आकलन गरिएको छ ।तनावकै कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढेको छ । बेन्चमार्क ब्रेन्ट क्रुड प्रतिब्यारेल करिब ७० डलरमा कारोबार भइरहेको छ । इरानले अघिल्लो चरणको तनावका बेला होर्मुज जलडमरूमध्यमा अस्थायी अवरोध सिर्जना गरेको जनाएको थियो । होर्मुज जलडमरूमध्यबाट विश्वको झन्डै पाँचौँ भाग व्यापारिक तेल आपूर्ति हुने गर्छ ।

# पुरुष–उत्तराधिकारमै अडिग ताकाइची

एएफपी

टोकियो । जापानमा शाही उत्तराधिकारको भविष्यबारे बहस तीव्र बन्दै गइरहेका बेला प्रधानमन्त्री साने ताकाइचीले पुरुष मात्रै सिंहासनमा बस्ने परम्परा परिवर्तन नगर्न स्पष्ट अडान लिनुभएको छ । संसद्मा शुक्रबार बोल्दै उहाँले पुरुष-वंशका पुरुष सन्तानलाई मात्र योग्य ठहर गर्ने हालको व्यवस्थालाई सम्मान गर्ने बताउनुभयो ।

हालको कानूनअनुसार शाही परिवारको पुरुष पक्षका पुरुष सन्तान मात्र प्राचीन क्रिसान्थेमम सिंहासनमा आरोहण गर्न सक्छन् । ६६ वर्षीय सम्राट नारुहितोकी एउटी मात्र छोरी राजकुमारी आइको हुनुहुन्छ । त्यसैले शाही वंश निरन्तरताको आशा अधिराजकुमार अकिशिनोका किशोर छोरा राजकुमार हिसाहितोतर्फ केन्द्रित छ ।

प्रधानमन्त्री ताकाइचीले सन् २०२१ मा विज्ञहरूको प्यानलले प्रस्तुत गरेको प्रतिवेदन स्मरण गराउँदै ‘शाही वंशका पुरुष-वंशका पुरुष वंशजहरूमा योग्यता सीमित गर्नु उपयुक्त हुन्छ’ भन्ने निष्कर्षलाई सरकारले सम्मान गर्ने बताउनुभयो । देशको



पहिलो महिला प्रधानमन्त्रीका रूपमा उहाँले ‘सरकार र म स्वयं पनि उक्त प्रतिवेदनलाई सम्मान गर्छौं’ भन्नुभयो ।

यसअघि उहाँले शाही उत्तराधिकारसम्बन्धी नियम संशोधन ‘जरुरी विषय’ भएको सङ्केत गर्नुभएको थियो, तर सम्भावित समाधानका रूपमा टाढाका पुरुष आफन्तलाई पुनः शाही परिवारमा ‘ गोद लिएर’ ल्याउने विकल्पसमेत विचार गर्न सकिने बताउनुभएको थियो ।परम्पराअनुसार करिब दुई हजार ६०० वर्ष पुरानो मानिने जापानको राजवंश (शाही वंशपरम्परा) पुरुष सन्तानमार्फत मात्रै अघि बढ्नुपर्ने विश्वास छ । यद्यपि विभिन्न जनमत सर्वेक्षणहरूले महिलालाई पनि सिंहासनको अधिकार दिनुपर्छ भन्ने पक्षमा उच्च समर्थन देखाएका छन् ।

जापानमा शाही उत्तराधिकारबारे दशकौँदेखि बहस चल्दै आएको छ । सन् २००५ मा एक सरकारी प्यानलले लिङ्गको आधारमा भेद नगरी जेठो सन्तानलाई उत्तराधिकारी बनाउने सिफारिस गरेको थियो, जसले राजकुमारी आइकोका लागि मार्ग खोल्ने सम्भावना देखिएको थियो । तर सन् २००६ मा राजकुमार हिसाहितो जन्मिएपछि त्यो बहस शिथिल बनेको थियो ।

सन् २०२१ मा नियुक्त अर्को विशेषज्ञ प्यानलले शाही परिवारमा टाढाका पुरुष आफन्तलाई पुनः समावेश गर्ने विषयमा विचार गर्न सुझाव दिएको थियो । तर त्यस्ता व्यक्तिहरूले व्यक्तिगत जीवन र करियर त्यागेर शाही दायित्व स्वीकार गर्न तयार हुने-नहुने स्पष्ट छैन । प्यानलले विवाहपछि परिवार छोड्न बाध्य हुने शाही छोरीहरूलाई विवाहपछि पनि सार्वजनिक कर्तव्य निरन्तरता दिन अनुमति दिन सकिने सुझावसमेत दिएको थियो ।

परम्परावादीहरूका अनुसार पुरुष सन्तानबाट टुट्न नदिई कायम राखिएको शाही वंशपरम्परा नै जापानको राष्ट्रिय पहिचान र स्थायित्वको आधार हो । उनीहरूका अनुसार ठूला परिवर्तनले समाजमा विभाजन निम्त्याउन सक्छ । युद्धपछिको संविधानअनुसार शाही परिवारसँग कुनै राजनीतिक अधिकार छैन, तर साङ्केतिक भूमिकामा उनीहरूको महत्त्व कायम छ ।

ऐतिहासिक रूपमा शाही परिवारमा विवाह गर्ने महिलाहरूले छोरा जन्माउने तीव्र सामाजिक दबाब सामना गर्नुपरेको चर्चा हुँदै आएको छ। सम्राट नारुहितोकी पत्नी महारानी मासाको, जो पूर्व कूटनीतिज्ञ हुनुहुन्छ, दरबार प्रवेशपछि वर्षौंसम्म तनावसम्बन्धी स्वास्थ्य समस्याबाट गुज्रनुभएको थियो । सम्राटकी आमा महारानी एमेरिटा मिचिको पनि यस्तै प्रकारका स्वास्थ्य समस्याबाट प्रभावित हुनुभएको थियो ।

राजकुमार हिसाहितोकी दिदी माकोले आफ्नो विश्वविद्यालयकालीन साथी केई कोमुरोसँग विवाह गर्दा पनि तीव्र मिडिया निगरानी र ट्याब्लोइड रिपोर्टिङको सामना गर्नुपरेको थियो ।


# केजरीवाल भ्रष्टाचार आरोपमुक्त

एएफपी

नयाँदिल्ली । दिल्लीको अदालतले भारतीय विपक्षी नेता अरविन्द केजरीवाललाई लामो समयदेखि चलिरहेको भ्रष्टाचार मुद्दामा निर्दोष ठहर गर्दै सबै आरोपबाटमुक्त गरेको छ। शुक्रबारको फैसलापछि केजरीवाल र उहाँका समर्थकहरूले न्यायको विजय भएकोमा खुशी व्यक्त गरेका छन् ।

सन् २०२५ मा दिल्लीको मुख्यमन्त्री रहनुभएका केजरीवाल मार्च २०२४ मा मदिरा इजाजतपत्र बाँडफाँटमा घुस लिएको आरोपमा पक्राउ पर्नुभएको थियो र केही महिना जेलमा बिताउनुभएको थियो। अदालतले उहाँलाई, उहाँका पूर्व सहायक मनिष सिसोदिया र अन्य २१ जनालाई सबै आरोपबाट मुक्त गरेको जनाएको छ।

फैसलापछि पत्रकार हरूसँगको संवादमा केजरीवालले भन्नुभयो,



“सत्यको विजय भएको छ ।” उहाँले सत्ताधारी पार्टी भारतीय जनता पार्टी (बिजेपी) ले आम आदमी पार्टीलाई समाप्त गर्ने प्रयासमा राजनीतिक षड् यन्त्र प्रयोग गरेको आरोप लगाउनुभयो ।सन्ताउन्न वर्षीय केजरीवालले आफ्नो करियर कर सङ्कलनकर्ताको रूपमा सुरु गर्नुभयो तर भ्रष्टाचार विरोधी अभियानमा जुट्न निजामती सेवा छाड्नुभयो, जसले उहाँलाई राष्ट्रिय स्तरमा ख्याति दिलायो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विरोधीहरूले विगतका वर्षहरूमा विभिन्न राज्यका मुख्यमन्त्रीहरू सहित आपराधिक अनुसन्धानको सामना गर्दै आएका थिए ।

फेब्रुअरी २०२५ मा बिजेपीकी रेखा गुप्ता तीन करोडभन्दा बढी जनसङ्ख्याको दिल्ली महानगरकी मुख्यमन्त्री निर्वाचित हुनुभएको थियो । विपक्षीहरूले त्यतिबेला प्रस्तुत विधेयकलाई संवैधानिक सुरक्षा उपायहरूलाई कमजोर पार्ने प्रभावहीन प्रयासका रूपमा व्याख्या गरेका थिए । अदालतको फैसलाले राजनीतिक तनावबीच केजरीवालको छवि मजबुत बनाएको छ र आम आदमी पार्टीलाई आगामी निर्वाचनका लागि उत्साहित बनाउने सङ्केत दिएको छ ।

# वनकरिया बस्तीमा बढ्दैछ शिक्षातर्फको आकर्षण



बागमती । पढ्ने उमेर भए पनि मकवानपुरको मनहरी गाउँपालिका-४ वनकरिया बस्तीका ९ वर्षीय रजनी वनकरिया विद्यालय जाँदैनथे । घरदेखि करिब ५०० मिटरकै दूरीमा विद्यालय भए पनि विद्यालय नगई घरमै खेलेर समय विताउँथे तर अहिले बिहान हुनेबित्तिकै झोलामा कपी-किताब बोकेर पढ्न विद्यालय जान थालेका छन् ।

कुनै बेला पर्साको मध्यवर्ती क्षेत्र चुरेघाँचमा फिरन्ते जातका रुपमा चिनिने लोपोन्मुख वनकरिया जातिलाई सरकारले २०६२ सालमा जङ्गली जीवनबाट मानव बस्तीमा सारेको थियो । जिल्ला वन कार्यालयले कबुलियती वन समूहअन्तर्गत नौ हेक्टर क्षेत्रफलमा रहेको उक्त बस्तीमा २४ घरपरिवार वनकरिया समुदायको वसोवास गराएको छ । त्यही ठाउँमा ती जातिका मानिस करिब २० वर्षदेखि बन्दै आएका थिए । विसं २०७८ को जनगणनाअनुसार वनकरिया जातिको कुल जनसंख्या १८० र मतृभाषा बोल्ने जनसंख्या ८६ मात्र छ । वनकरिया जातिको नेपालको त्यो बस्तीमा मात्र बसोबास रहेको वनकरिया समुदायकी अगुवा सन्तोषी वनकरियाले बताउनुभयो । उक्त बस्तीमा हाल ४५ महिला र ४६ पुरुष गरी ९१ जना वनकरिया रहेको उहाँको भनाइ छ ।

केही वर्षअघिसम्मका फिरन्ते वनकरियाले अहिले खेतीपातीसँगै कुखुरा, बाख्रा र भैँसी पालेका छन्भने कोही ज्याला मजदुरीको काम गर्छन् । आमा-बुबा खेतीपाती र पशुपालनमा व्यस्त हुँदा दिनभरि खेलेरै दिन बिताउँदै आएका सोही बस्तीका सात वर्षीय सौरभ वनकरियाको पनि अहिले दिनचर्या फेरिएको छ । रजनीसँगै सौरभ पनि अहिले घर नजिकैको चेपाङ आधारभूत विद्यालय जान थालेका छन् । रजनी र सौरभ मात्र होइन, पछिल्लो समय वनकरिया बस्तीका बालकालिकाको शिक्षाप्रतिको आकर्षण बढ्दै गएको छ । अहिले सो बस्तीका सात जना बालबालिका चेपाङ आधारभूत विद्यालयमा अध्ययनरत छन्भने चार जना श्रीपशुपतिनाथ माध्यमिक विद्यालय मसिने गोलघरमा अध्ययनरत रहेको सो बस्तीका अगुवा सन्तोषी वनकरियाले बताउनुभयो ।

"म करिब १० वर्षको छँदा २०६३ सालमा पहिलोपटक विद्यालय पुगेकी थिएँ", सन्तोषीले भन्नुभयो, "त्यति खेर मानिसहरु वनकरिया भनेर अचम्म मानेर हेर्थे, स्कुलमा सरहरु पनि देख्दा मलाई डर लाग्थ्यो, कहिल्यै त्यसरी अन्य समुदायका मान्छेहरुसँग संगत गरेको थिइन् ।" विस्तारै स्कुल सहज हुँदै गएको र २०७३ सालमा आफूले एसइई परीक्षा उत्तीर्ण गरेको उहाँले सुनाउनुभयो । त्यो भन्दा अघिल्लो वर्ष २०७२ सालमा सोही बस्तीका पम्फा वनकरियाले सोही विद्यालयबाट एसएलसी उत्तीर्ण गर्नुभएको थियो ।

पम्फा र सन्तोषीसँगै आरती वनकरिया, सम्झना वनकरिया, अनिल वनकरिया र विष्णुमाया वनकरिया गरी अहिलेसम्म सो बस्तीका छ जनाले एसइई उत्तीर्ण गरेका छन् । एसइई उत्तीर्ण गरेकामध्ये सन्तोषीले कक्षा १२ सरहको बाली विज्ञान (जिटिए) उत्तीर्ण गर्नुभएको छभने आरती, सम्झना, अनिल कक्षा १२ मा अध्ययनरत छन् । मकवानपुरको हेटौँडा बहुमुखी क्याम्पसमा अध्ययनरत आरती पत्रकारिता क्षेत्रमा पनि थोरै सक्रिय रहेको बताउनुहुन्छ ।

सो बस्तीका बालबालिकाहरुलाई लक्षित गरी मनहरी गाउँपालिका र केही संस्थाहरुले शैक्षिक अभियानअन्तर्गत बस्तीमै निःशुल्क ट्यूसन कक्षा र विद्यार्थीहरुलाई शैक्षिक सामग्रीहरु उपलब्ध गराएपछि विद्यालय जाने वनकरिया समुदायको बालबालिकाको संख्या बढ्दै गएको हो । विगतमा प्राथमिक तहको विद्यालय टाढा हुँदा वनकरिया बस्तीबाट विद्यालय जाने बालबालिकाको संख्या थोरै थियो तर गाउँपालिकाले बस्ती नजिकै २०७९ सालमा चिसापानीबाट चेपाङ आधारभूत विद्यालय सारेपछि अहिले सो बस्तीबाट विद्यालय जाने विद्यार्थीको संख्या बढेको आरती वनकरिया बताउनुहुन्छ ।

"पहिला पहिला हाम्रो बस्तीका बालबालिकाहरु स्कुल टाढा छ भनेर विद्यालय नगई खेलेरै दिन बिताउने गरेका थिए तर बस्ती नजिकै स्कुल सारिएको र बस्तीमै निःशुल्क ट्युसन कक्षा सञ्चालन भएपछि बिस्तारै पढाइलेखाइप्रति आकर्षित हुन थालेका छन्", आरतीले भन्नुभयो, "केही वर्षअघिसम्म विद्यालयमा हाम्रो बस्तीका बालबालिका न्यून संख्यामा मात्र भेट्थ्यो, अहिले विस्तारै विद्यालय जानेको संख्या बढ्न थालेको छ ।"

वनकरिया बस्तीका अभिभावकहरुले पनि शिक्षाको महत्व थाहा नभएका कारण आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउन चाहिरहेको थिएनन् । बिस्तारै अभिभावकहरुमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको बिकास भएको सन्तमाया वनकरिया बताउनुहुन्छ । "जङगलमा फिरन्ते जीवन बिताइरहँदा आफूहरुले पनि पढ्नुपर्छ भने थाहै थिएन", वनकरिया समाजका अध्यक्षसमेत रहनु भएका सन्तमायाले भन्नुभयो, "अहिले फरक संसारमा आएको महसुस भइरहेको छ ।"

वनकरिया समुदायको शिक्षाको अवस्थामा सुधार ल्याउन स्थानीय सरकारले वनकरिया बस्ती लक्षित शैक्षिक कार्यक्रम सञ्चालन गरिएको मनहरी गाउँपालिका-४ का वडाअध्यक्ष प्रकाश थापाले बताउनुभयो । "वनकरिया बस्तीका बालबालिकालाई विद्यालयमा भर्ना गराउने, बस्तीकै निःशुल्क ट्यूसन कक्षा सञ्चालन गरेका छौँ", उहाँले भन्नुभयो, "विद्यालय भर्ना भएका वनकरिया बस्तीका बालबालिकालाई शैक्षिक सामग्री र स्कुल झोला समेत उपलब्ध गराउँदै आएका छौँ ।" महिलाहरुका लागि प्रौढ शिक्षासमेत सञ्चालन गरिएको छ । बिस्तारै समाजमा घुलमिल हुँदै गएकाले वनकरिया समुदायमा चेतनाको विकास भएको छ ।रासस

## सुनको मूल्य केही घट्यो, चाँदीको बढ्यो

काठमाण्डु । शुक्रबार स्थानीय बजारमा सुनको मूल्यमा केही कमी आएको छ भने चाँदीको मोलमा सामान्य बढोत्तरी भएको छ । बिहीबारको तुलनामा सुनको मूल्य रु ५०० ले घटेको छ भने चाँदीको मोल रु १५ ले बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार शुक्रबार एक तोला छापावाल सुनको मूल्य रु तीन लाख १४ हजार ९०० र एक तोलाको चाँदीको मोल रु पाँच हजार ७४० कायम भएको छ । बिहीबार प्रतितोला सुन रु तीन लाख १५ हजार ४०० र एक तोला चाँदीको मोल रु पाँच हजार ७२५ निर्धारण भएको थियो ।

गत बुधबार एक तोला छापावाल सुनको मूल्य तीन लाख १४ हजार ९०० र एक तोला चाँदीको मोल रु पाँच हजार ५८५ निर्धारण भएको छ । गत सोमबार एक तोला छापावाल सुन रु तीन लाख १३ हजार ५०० र एक तोला चाँदी रु पाँच हजार ५९५ मा खरिदबिक्री भएको थियो ।अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार आज अन्तरराष्ट्रिय बजारमा एक औँस सुन पाँच हजार १८७ अमेरिकी डलर तथा त्यति नै परिमाणको चाँदी ९० अमेरिकी डलरमा कारोबार भइरहेको छ ।रासस

## जाडो छल्न आएका चरा फर्किन थाले



चितवन । जाडो छल्न हिमालपारिबाट आएका चरा फर्किन थालेका छन् । जाडो मौसम सुरु भएसँगै गत असोजबाट आउन सुरु गरेका चरा गर्मी सुरु भएसँगै फर्किन थालेका हुन् ।

चितवन राष्ट्रिय निकुञ्जलगायत आसपासका सिमसार क्षेत्रमा हाँस प्रजातिका चरा जाडो छल्न आउने गर्दछन् । हरेक वर्ष अक्टोबरमा आउने ती चरा गर्मी सुरु भएसँगै फर्कन थालेका हुन् । फेब्रुअरीको अन्तिम साताबाट फर्किन थालेका ती चरा मार्च अन्तिमसम्म सबै गईसक्ने नेपाल पन्छीविद् सङ्घ बागमती प्रदेशका अध्यक्ष वासु बिडारीले बताउनुभयो ।

यहाँ मङ्गोलिया, रुस, मलेसिया, उज्बेकिस्तान, पाकिस्तान, चीनलगायत देशबाट चरा आउने गर्दछन् । जाडो छल्न आउने ती चरा कालीगण्डकीको खोच हुँदै चितवनसम्म आइपुगेका थिए । जाडो छल्न हाँस प्रजातिका कन्याङकुरुङ, चखेवा, सुइरोपुच्छ्रे, मालक, खडखडे, बिजुला, गैरीसहित बाज, चिललगायत चरा यहाँ आउने गर्दछन् । वनमा आश्रित प्रजातिमा चाचर, चुइया, भारद्वाजसमेत आउने गरेको अध्यक्ष बिडारीले बताउनुभयो ।

यहाँका नदी किनार र तालतलैयामा यस्ता चरा आएर बस्ने गर्दछन् । उहाँका अनुसार नेपाल बाहिरदेखि आएका १२ देखि १५ हाँस प्रजातिका चरा यहाँको नारायणी, राप्ती नदी र रिउखोलामा रमाउने गर्दछन् । नेपालमा १५० प्रजातिका चरा जाडो छल्न आगन्तुक रूपमा आउने गर्दछन् । यी चरा ६ महिनापछि बच्चा कोरल्ने समयमा फेरि दक्षिणबाट उत्तर फर्कने अध्यक्ष बिडारीले जानकारी दिनुभयो । पृथ्वीको उत्तरी ध्रुवमा दिन छोटो र रात लामो हुने हुँदा चर्नका लागि समयसमेत नहुने हुँदा ती चरा आउने गरेको विज्ञ बताउँछन् ।

नेपालमा विशेषगरी सिमसार, घाँसेमैदान, वन र खेतबारीमा बस्ने चरा आउने गर्दछन् । चितवन राष्ट्रिय निकुञ्ज चराका लागि उत्तम वासस्थानका रूपमा लिइन्छ । निकुञ्ज हुँदै बग्ने राप्ती, रिउसँगै नारायणी नदी र निकुञ्जभित्रका तालतलैया र वन क्षेत्रमा आगन्तुक चरा रमाउने गर्छन् । निकुञ्ज, मध्यवर्ती र सामुदायिक वन पनि पन्छीको राम्रो विचरण क्षेत्र हुन् । नेपालमा ९०२ प्रजातिका चरा पाइन्छन् भने चितवनमा मात्र ६५२ प्रजातिका चरा पाइन्छन् ।

यससँगै गर्मी मौसममा आउने चरा आउन थालेका छन् । अध्यक्ष बिडारीका अनुसार भारत हुँदै आउने ती चरा नेपाल छिर्न थालेका छन् । उहाँले भन्नुभयो, "जाडो छल्न आएका चरा फर्किन थालेका छन् भने गर्मीमा आउने चरा आउन थालेका छन् ।" गर्मीमा आउने चराले यही बच्चा कोरलेर जाडो सुरु भएसँगै फर्किने गर्दछन् ।रासस

## 'स्ट्रबेरी'खेतीले बढायो 'एग्रो-टुरिजम'को आकर्षण



नारायणगढ । भरतपुर महानगरपालिका-५समिचोकस्थित नेपाल एग्रोभाइन प्रालिको फर्ममा फलेको स्ट्रबेरीले यतिबेला पर्यटकको ध्यान तानेको छ ।

विगत पाँच वर्षदेखि व्यावसायिक रूपमा सञ्चालन हुँदै आएको यस फर्मले स्ट्रबेरीखेतीसँगै एग्रो-टुरिजम प्रवर्द्धनलाई प्राथमिकता दिँदै आएको छ ।फर्मका सञ्चालकमध्येका प्रमुख ससन देवकोटा नौ वर्षअघि अमेरिका बसाइबाट नेपाल फर्किनुभएको हो । अमेरिकामा उच्च शिक्षा हासिल गरी उहाँले एग्रो-टुरिजम मोडलमा आधारित कृषि व्यवसाय सुरु गर्नुभएको हो । "हामीले एग्रो-टुरिजम मोडलमा स्ट्रबेरी फर्म सञ्चालन गरेका छौँ । यहाँ आउने आगन्तुकले आफैँ स्ट्रबेरी टिपेर लैजान सक्छन्", उहाँले भन्नुभयो ।

स्ट्रबेरीखेती एक बिघा क्षेत्रफलमा फैलिएको छ भने समग्र फर्म पाँच बिघामा विस्तार गरिएको छ । फर्ममा चार जना स्थायी कर्मचारी कार्यरत छन् भने दैनिक ज्यालादारीमा आठदेखि १० जनासम्म कामदार खटिने गरेका छन् ।

यस वर्षदेखि आधुनिक तरीकाबाट स्ट्रबेरीसँगै टमाटर, क्याप्सिकम र खोर्सानी खेतीसमेत सुरु गरिएको छ ।देवकोटाका अनुसार यहाँ स्ट्रबेरी उत्पादनको मुख्य समय करिब ५० दिनसम्म रहन्छ । सुरुआती वर्षमा अनुसन्धान गर्दै उपयुक्त जात छनोट गरिएको उहाँ बताउनुहुन्छ । विशेषगरी अमेरिकन भेराइटीका स्ट्रबेरी तराई क्षेत्रमा राम्रो हुने भएकाले सोही जात लगाइएको छ ।

उक्त बिरुवा मूलतः अमेरिकामा विकास गरिएको र हाल इजिप्टस्थित नर्सरीबाट आयात हुने गरेको उहाँको भनाइ छ । आगामी वर्षदेखि बिरुवा स्वदेशमै उत्पादन गर्ने योजना रहेको पनि उहाँले जानकारी दिनुभयो ।"स्ट्रबेरीले अहिले एग्रो-टुरिजमलाई राम्रोसँग प्रवर्द्धन गरेको छ", उहाँले भन्नुभयो ।

एग्रो-टुरिजममार्फत कृषिसँग प्रत्यक्ष जोडिने अवसर मिल्ने भएकाले बालबालिका तथा विद्यार्थीका लागि यो उपयोगी माध्यम बनेको उहाँको अनुभव छ । विभिन्न कृषि कलेजका विद्यार्थीले फर्ममा अध्ययन तथा अनुसन्धानसमेत गर्दै आएका छन् । व्यावहारिक शिक्षामा यसले टेवा पुऱ्याएको देवकोटाको भनाइ छ ।

देवकोटाका अनुसार पहाडी भेगमा पाइने भुइँ ऐँसेलु जातका स्ट्रबेरी समुद्री सतहबाट करिब १७ सयदेखि १९ सय मिटर उचाइमा राम्रो फल्ने गर्छन् ।

"एग्रो-टुरिजमको सम्भावना नेपालमा धेरै छ", देवकोटाले भन्नुभयो, "अहिले मानिस कृषिसँग जोडिने रहर राख्छन् । केहीले भने पैसा कमाएर खेती छोड्ने अवस्था पनि देखिन्छ । तर जति कमाए पनि अन्ततः खानैपर्छ भन्ने कुरा बिर्सेर खेती छोडेका छन् । हाम्रो टिमको उद्देश्य भने कृषि पढेर कृषिमै रमाउन सकिन्छ भन्ने सोचको विकास गर्नु हो ।" उहाँले आगामी दिनमा अन्य स्थानमा पनि एग्रो-टुरिजम विस्तार गर्ने योजना रहेको बताउनुभयो ।रासस

## पेट्रोलियम पदार्थको बिक्रीमा रोक



मान्म । प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न जथाभावी पेट्रोलियम पदार्थ बिक्रीमा रोक लगाएको छ । जिल्ला प्रशासन कार्यालयले पेट्रोलियम पदार्थको खुला बिक्रीवितरणमा रोक लगाएको हो ।

निर्वाचन अवधिभर पेट्रोल, डिजेल र मट्टितेललगायत पेट्रोलियम पदार्थ बोतल, जर्किन वा अन्य खुला भाँडामा बिक्रीवितरण गर्न रोक लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले बताउनुभयो । जिल्ला सुरक्षा समितिको बैठकअनुसार इन्धन बिक्री गर्ने सबै पेट्रोलपम्प तथा व्यवसायी अनिवार्य रूपमा सम्बन्धित निकायमा दर्ता भई सञ्चालन भएको हुनुपर्ने र दर्ता नभएका व्यक्ति वा संस्थाले पेट्रोलियम पदार्थ बिक्री-वितरण गर्न नपाउने गरी रोक लगाइएको उहाँले जानकारी दिनुभयो ।

यसैगरी तोकिएको मूल्यभन्दा बढी मूल्यमा बिक्री, कृत्रिम अभाव सिर्जना, अनावश्यक मौज्दात राख्ने वा निर्वाचन प्रयोजनबाहेक अन्य प्रयोजनका लागि दुरुपयोग गर्न नपाइने व्यवस्था गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।एम्बुलेन्स, अस्पताल, सुरक्षा निकाय तथा निर्वाचन प्रयोजनका सवारीसाधनलगायत अत्यावश्यक सेवामा संलग्न सवारीसाधनलाई मात्र सम्बन्धित निकायको सिफारिस वा आधिकारिक परिचयपत्रका आधारमा आवश्यक परिमाणमा इन्धन उपलब्ध गराइने कार्यालयले जनाइएको छ ।

"उक्त व्यवस्था कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा नेपाल आयल निगमको समन्वयमा नियमित तथा आकस्मिक अनुगमन गरिनेछ । सुरक्षा समितिको निर्णय उल्लङ्घन गर्ने व्यक्तिलाई प्रचलित कानुनबमोजिम जरिवाना, इजाजतपत्र निलम्वन वा खारेजसहित आवश्यक कानुनी कारबाही गरिने छ", सहायक प्रमुख जिल्ला अधिकारी शर्माले भन्नुभयो ।पेट्रोलियम व्यवसायी, ढुवानी व्यवसायी तथा आमनागरिकलाई अनिवार्य रूपमा निर्णय पालना गर्न तथा कुनै शङ्कास्पद गतिविधि देखिएमा तत्काल प्रशासन वा सुरक्षा निकायमा जानकारी गराउन आग्रह गरिएको छ ।रासस

## चैते धान रोपाइँ सुरु



झापा । जिल्लामा चैते धानको रोपाइँ सुरु भएको छ । कचनकवल गाउँपालिका क्षेत्रबाट चैते धान रोपाइँ सुरु भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

चैतको दोस्रो हप्तासम्ममा जिल्लाभरि रोपाइँ सकिने अनुमान गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख सागर विष्टले जानकारी दिनुभयो । उहाँले परम्परागत खेती प्रणालीको तुलनामा मेसिनको प्रयोगमा जिल्लामा धानखेती गर्ने प्रचलन बढ्दै गएकाले रोप्नका लागि कतै बीउ तयार भइसकेको त कतै बीउ राख्ने काम भइरहेको बताउनुभयो । जिल्लाका विभिन्न स्थानमा १० धान रोप्ने मेसिन (ट्रान्सप्लान्टर) रहेका छन् ।

प्रमुख विष्टका अनुसार गत वर्ष जिल्लामा करिब २० हजार हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएको भए पनि यस वर्ष किसानको आकर्षण मकैखेतीतर्फ बढेकाले १५ देखि २० प्रतिशतले धानखेतीको क्षेत्रफल घट्ने देखिएको हो ।गत वर्ष चैते धानको मूल्य प्रतिमन (४० किलो) रु ७०० मात्र रहेकाले उचित प्रतिफल नपाउँदा किसान निराश भई वैकल्पिक बालीतर्फ मोडिएका उहाँले बताउनुभयो । प्रमुख विष्टले भन्नुभयो, "गत वर्षको मूल्यकै कारण किसानको चैते धानखेतीतर्फ खासै ध्यान गएन ।"

धानको बीउ आपूर्ति गर्ने कम्पनीले बीउ समेत यस वर्ष सोचेअनुरूप बिक्री गर्न नसकेको बताएका छन् । जिल्लामा विशेष गरी 'हर्दिनाथ-१' जातको धान बढी लगाउने गरि पनि यस पटक मोरङको आरजु राइस मिलले 'हर्दिनाथ-६' जातको धान प्रतिमन रु एक हजारमा खरिद गर्ने पूर्वसहमति गरेपछि किसानले उक्त जातको धान पनि लगाउन सुरु गरेका छन् । बिक्रीको सुनिश्चितता र तुलनात्मक रूपमा राम्रो मूल्य तोकिएकाले 'हर्दिनाथ-६' तर्फ किसानको चासो बढेको भए तापनि धेरैजसोले अझै 'हर्दिनाथ-१' लाईनै प्राथमिकतामा राखेको उहाँको भनाइ छ ।

यसैगरी कृषि ज्ञान केन्द्रको सहयोगमा जिल्लामा 'छरुवा धान' प्रविधिलाई पनि प्रोत्साहन दिइएको छ । केन्द्रले हरेक वर्ष नयाँ स्थानहरू पहिचान गरी किसानलाई यो प्रविधि अपनाउन प्रोत्साहित गर्दै आएको छ भने पुराना किसानले आफैँ यसलाई निरन्तरता दिइरहेका छन् । छरुवा प्रविधिबाट धानको उत्पादन राम्रो हुने भए तापनि प्राविधिक पक्षमा ध्यान नदिँदा किसानलाई झार नियन्त्रणमा समस्या आउने गरेको प्रमुख विष्टको भनाइ छ । धानखेतीका लागि चाहिने रासायिक मलको जिल्लामा अभाव नरहेको उहाँले जानकारी दिनुभयो ।रासस


**मालपोत कार्यालय ढल्केबर, धनुषा**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

राम प्रसाद महतो सुडीको नाति ब्रम्हदेव महतो सुडी भन्ने देव साह सुडीको छोरा जिल्ला धनुषा सबैला नगरपालिका वडा नं.२ बस्ने जोग नारायण महतो सुडी र राम नारायण महतो सुडीले तपसिलमा उल्लेखित जग्गा मेरो नाताको बाबु देव साह सुडीको नाममा छुट जग्गा दर्ता/ छुट जग्गा नामसारी दर्ता गरी पाउँ भनि द.नं.२६६५ मिति ०८१।१२।०३ को निवेदनबाट माग दाबी गरेकोले माग बमोजिम निवेदकको नाममा छुटजग्गा/ छुट जग्गा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए.वा ब्रम्हदेव महतो सुडी र देव साह सुडी फरक व्यक्ति हुन भन्ने कुनै आधार प्रमाण भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम भइजाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | लबटोली | ९। क | ३ | २-०-१०-० |
| धनुषा | लबटोली | ९। क | ४ | २-९-९-० |

# चुनावमा जाली नोटको उच्च जोखिम



**टुडे समाचारदाता**

जलेश्वर । प्रतिनिधि सभाको आसन्न निर्वाचनका बेला नक्कली (जाली) नोटको कारोबार बढ्न सक्ने भनेर सरोकारवाला निकाय सचेत भएको छ ।

खास गरी भारतसँग सीमा जोडिएका तराई मधेशका क्षेत्रमा त्यस्तो जोखिम उच्च रहने गर्छ । सोही सम्भावनालाई ख्यालमा राख्दै जाली नोटको कारोबार न्यूनीकरण गर्न नेपाल राष्ट्र बैङ्क जनकपुरधामले जलेश्वरमा सचेतना कार्यक्रम गरेको छ ।

नेपाल राष्ट्र बैङ्क जनकपुरका निर्देशक डिलाराम सुवेदीले निर्वाचनमा जाली नोटको प्रयोग हुन सक्ने जोखिमलाई लक्षित गर्दै जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको बताउँदै यस्तो कार्यक्रम देशव्यापी गरिने जानकारी दिए । निर्वाचनका समयमा नगद कारोबार उल्लेख्य रूपमा बढ्ने भएकाले सर्वसाधारण, व्यापारी तथा वित्तीय संस्थाहरूलाई जाली नोटबाट जोगाउन विशेष अभियान सञ्चालन गरिएको निर्देशक सुवेदीले बताए ।

नेपाल राष्ट्र बैङ्क जनकपुरधामले विद्यार्थी, सुरक्षा निकायका प्रतिनिधि, उद्योगी व्यापारी, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिलगायत स्थानीयको सहभगितामा जाली नोट पहिचान गर्ने, जाली नोट फेला परिहाले भने के गर्ने तथा जाली नोटको कारोबार गर्नेलाई कानुनी दण्ड सजायबारे सचेतना गराएका थिए ।

बैङ्कका निर्देशक सुवेदीले रकमको कारोबार गर्नेले जाली नोटबारे जानकारी राख्ने हो भने प्रवेशद्वारमै नक्कली नोट रोक्न सकिने र यसले अनुसन्धान तथा नक्कली नोटको दुरुत्साहन रोक्न सकिने भएकाले जनचेतनामूलक कार्यक्रम गरिएको बताए । कार्यक्रममा बैङ्कका उपनिर्देशक अमिष ढुङ्गेल, सहायक निर्देशक गङ्गेशकुमार झाले नक्कली र सक्कली नोटबारे जानकारी गराएका थिए ।

# संविधालाई लिकमा ल्याउन जरुरी : निधि

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता एवं धनुषा निर्वाचन क्षेत्र नं. ३ का उम्मेदवार विमलेन्द्र निधिले संविधानलाई पुनः लिकमा ल्याउनु अहिलेको प्रमुख राजनीतिक आवश्यकता भएको बताएका छन् ।

जनकपुरधामस्थित आफ्नो निजी निवासमा शुक्रवार बिहान सञ्चारकर्मीहरूसँगको भेटघाटमा उनले भने 'संविधान लिक बाहिर गएको भन्दै त्यसलाई संस्थागत मार्गमा फर्काउन राजनीतिक सहमति र निर्वाचन अपरिहार्य रहेको छ ।'

निधिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था समेत कमजोर अवस्थामा पुगेको उल्लेख गर्दै हालको राजनीतिक परिस्थितिले प्राप्त उपलब्धिको संरक्षणमा चुनौती देखिएको बताए ।

जेनजी आन्दोलनपछि बनेको सरकार बाध्यकारी अवस्थाबाट गठन भएको स्मरण गराउँदै उनले लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्न निर्वाचन नै उत्तम विकल्प भएको बताए । उनले संविधानलाई लिकमा ल्याउने, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था जोगाउने र जनताको विश्वास कायम राख्ने जिम्मेवारी सबै राजनीतिक दल तथा नागरिकको रहेको कुरामा जोड दिए ।

निर्वाचन सफल बनाउन सबैको साझा प्रयास आवश्यक रहेको भन्दै उनले नेपाली कांग्रेसले मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गराउन अग्रणी भूमिका खेलेकाले वर्तमान चुनौती समाधानमा पनि कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने दाबी गरे ।



केही दलहरू संघीयताको विरोधमा उभिँदै प्रदेश खारेजीको माग गरिरहेको आरोप लगाउँदै उनले राजनीतिक संक्रमणबाट मुलुकलाई बाहिर निकाल्ने अनुभव कांग्रेससँग रहेकाले जनता बुझिरहेका छन् र यस पटक पनि कांग्रेसलाई मतको अधिकार प्रयोग गरी जिम्मेवारी दिनेछ विश्वास व्यक्त गरे ।

यसैबीच शुक्रवार बेलुका जनमत पार्टीका केन्द्रिय सदस्य शुम्भनाथ साह नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । नेता निधिले उनलाई आफ्नो निजी निवासमै फुलमाला र टिका लगाई दोसल्ला ओढाएर पार्टीमा स्वागत गरेका छ्न ।

पछिल्लो निर्वाचनमा प्रत्याशी समेत रहेका साहले पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै पछिल्लो निर्वाचनमा मैले पाएको करीब ८ हजार मत अब म कांग्रेसमा आइसकेपछि जनतो कांग्रेसलाई नै दिनेछ विश्वास व्यक्त गरे । उनले थप्दै भने वर्तमान परिस्थितिबाट मुलुकलाई परिस्कृत भई बदलिएको कांग्रेसले निकास दिने सक्ने देखेर प्रवेश गरेको बताए ।

नेता निधिले साहलाई शुभकामना दिदैं भने साहको पार्टीमा आगमनले थप बल पुगेको छ । आसन्न निर्वाचनमा समेत साहको अहम् भूमिका रहने विश्वास लिएको बताए ।

# २४ घण्टा नबित्दै हत्यामा संलग्न पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको औरही गाउँपालिका ६ चक्कर स्थित खेतमा शव फेला परेको युवकको हत्यामा संलग्नहरुलाई प्रहरीले खबर पाएको २४ घण्टा नबित्दै पक्राउ गर्न सफल भएको छ ।

शुक्रवार दिउंसो एक पत्रकार सम्मेलन आयोजना गरी जिल्ला प्रहरी कार्यालय धनुषाले घटना बारे जानकारी दिएका छन् । प्रहरीका अनुसार सुमितको हत्या उनका प्रेमिकाका काका र भाईले दुवैलाई घरमा संगै बसेको अवस्थामा देखेपछि गरेको हो ।

घटना बारे जानकारी दिदैं जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी रुगमबहादुर कुँवरले भने "बुधवार साँझ ६ बजे सुमित सोही पालिकाका वडा नम्बर ६ सोनिगामा बस्ने प्रेमिका काजल मण्डलसँग भेटन गएका थिए। सोही क्रममा काजलको काका परमेश्र मण्डलले आफ्नो पसल बन्द गरी घरमा आउँदा दुबै जनालाई सँगै बसेको देखि सुमितलाई कोठाबाट बाहिर निकाली काजलका भाई दिपेश मण्डललाई बोलाई दुबै जना मिलेर कुटपिट गरी पछाडी हात बाँधि खेतमा लगेर धारिलो हतियार दबियाले घाँटी रेटी हत्या गरेको थियो ।"

घटना पश्चात पक्राउ पर्ने डरले मृतकले प्रयोग गरेको मोटरसाइकल दिपेशले अर्कै ठाउँमा लुकाएर राखिएका थिए । घटनामा संलग्न प्रेमिका काजल, उनका काका परमेश्वर र भाई दिपेश तथा घटनामा प्रयोग भएका हतियार समेत नियन्त्रणमा लिई थप अनुसन्धान प्रक्रिया अघि बढाइएको उनले जनाए ।



# घरदैलोमा व्यस्त उम्मेदवार यादव



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका पूर्व सहमहामन्त्री एवं धनुषा ४ प्रतिनिधिसभा सदस्यका उम्मेदवार महेन्द्र यादवले शुक्रवार क्षेत्रको लक्ष्मिनिया गाउँपालिका र जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न वडामा घरदैलो कार्यक्रम सम्पन्न गरेका छ्न ।

उनी मतदाताको घर घरमा पुगी आफ्नो चुनावी एजेण्डा बारे सम्झाउंदै सरकारमा नबसेपनि क्षेत्रका जनताका लागि गरेको काम बारे जानकारी गराएका थिए । यसै क्रममा बुढापाका मतदाताहरुसँग आर्शिवाद ग्रहण गर्दै युवाहरुलाई संघीयता जोगाएर मुलुकलाई विकासतर्फ डोरयाउन सक्ने एक मात्र कांग्रेस क्षमतावान रहेको बारे जनाएका थिए ।

घरदैलोको क्रममा संचारकर्मीसँग कुरा गर्दै उनले भने जनताले उम्मेदवारसँग प्रश्न गर्नु स्वाभाविक र जायज छ । तर प्रश्नको केन्द्र विगतमा निर्वाचित भएर पनि अपेक्षाअनुसार काम नगर्नेहरूमाथि हुनुपर्ने उनले तर्क गरे ।

यसपटकको चुनावी माहोलमा स्थानीय तहदेखि गाउँ बस्तीका चोकसम्म विकास, रोजगारी, सडक, सिंचाइ र शिक्षा-स्वास्थ्यका विषयमा व्यापक बहस भइरहेको छ । धेरै मतदाताले विगतका प्रतिनिधिले अपेक्षा अनुसार परिणाम विगतमा निर्वाचितहरुले दिन नसकेको गुनासो गर्दै क्षेत्रवासीको रहेको उनले बताए ।

यादवले भन्नुभयो, 'उम्मेदवारलाई प्रश्न गर्नु जनताको अधिकार हो । तर प्रश्न उसलाई गर्नुपर्छ, जो विगतमा निर्वाचित भएर गयो । म त चुनाव जितेको छैन ।' उनका अनुसार विगतमा निर्वाचित प्रतिनिधिले क्षेत्रको दीर्घकालीन विकासमा ठोस उपलब्धि दिन नसक्दा अहिले जनता हिसाब खोजिरहेका छन् ।

यादवले भने 'म चुनाव नजिते पनि धनुषा-४ मा सडक विस्तार, विद्यालय भवन निर्माण लगायतका थुप्रै काम गरेको छु' उहाँले भन्नुभयो, 'जनतासँगको सम्बन्ध चुनावमा मात्रै होइन, निरन्तर छ ।'

यादवले आफ्नो चुनावी एजेन्डा स्पष्ट गर्दै शिक्षा, स्वास्थ्य, कृषि आधुनिकीकरण, सिँचाइ विस्तार र युवा रोजगारीलाई प्राथमिकतामा राखिएको बताउँदै केन्द्र र प्रदेश सरकारबीच समन्वय गरेर धनुषा-४ लाई समग्र विकासको नमुना क्षेत्र बनाउने प्रतिबद्धता व्यक्त गरे ।

जनकपुरधाम वडा नं. ९ मा जारी तीन दिने घरदैलो अभियानको वडा सभापति विमलेश सिंह, वडाध्यक्ष परमेश्वर साह, महाधिवेशन प्रतिनिधि धीरेन्द्र मोहन झा, सुरेश कोइराला, ज्ञानेश्वर प्रसाद मण्डलसहितका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो ।

# चुनाव म होइन, जनता लडेको छ : भण्डारी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता एवं आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका महोत्तरी क्षेत्र नम्बर २ का उम्मेदवार शरतसिंह भण्डारी चुनाव नजिकदैं जाँदा प्रचार प्रसार तीव्र पारेका छन् ।

प्रत्येक दिन बिहानदेखि रातिसम्म क्षेत्रका गाउँहरुमा मतदाताको घर घरमा गई यो चुनावमा मेरो लागि अन्तिम पटकको चुनाव हो भनी मत मागिरहेका छन् । अन्तिम पटक भनेर किन मत मागिरहनु भएको छ यो वास्तवमै तपाईको अन्तिम निर्वाचन हो वा चुनाव जित्न कुनै स्टन्ट हो भन्ने जिज्ञासामा उनले यो पटकको चुनाव मेरो लागि अन्तिम नै हो, अब चुनाव नलड्ने बताएका छन् ।

चुनाव प्रचार प्रसारको घर दैलो कार्यक्रमको क्रममा भण्डारीले भने 'पंचायती व्यवस्था गणतान्त्रिक व्यवस्थासम्म म १९/१९ पटक चुनाव लडिसकेका छौं, अधिकांश जित नै हासिल गरेको छु । उमेरको हिसाबले थाकिसकेकाले यस पटक चुनाव नलडी पुस्तान्तरण गर्ने सोचमा थिए । तर यहाँका जनताको दबावपछि चुनावी मैदानमा उत्रेको हुँ ।

यस पटकको निर्वाचन म आफ्ना लागि होइन, जनताले आफ्ना लागि मलाई लडाएको हो । त्यसैले यो चुनावमा परिणाम जनतामै निहित छ ।

आउंदो निर्वाचनदेखि के राजनीतिबाट सन्यास लिने हो भन्ने जिज्ञासामा भण्डारीले भने 'अब सधैं म नै लडौं भएन, आउने पुस्ताले चुनाव लड्नेछ, जहाँसम्म मेरो कुरा हो पार्टीकै राजनीति र जनताको सेवामा लाग्नेछु ।



यस आम निर्वाचनलाई "पुस्ता जोड्ने अभियान" का रूपमा व्याख्या गरेका छन् । आफू स्वयं उम्मेदवारका रूपमा चुनावी मैदानमा रहेका भण्डारीले यो निर्वाचनलाई सत्ताको प्रतिस्पर्धा नभई राजनीतिक अनुभव र युवापुस्ताको ऊर्जाबीच सेतु निर्माण गर्ने अवसर भएको बताएका छन् ।

चार दशकभन्दा बढी समयदेखि सक्रिय राजनीतिमा संलग्न भण्डारीले विगतका आन्दोलन, अधिकार प्राप्तिका संघर्ष र समावेशी व्यवस्थाका उपलब्धिलाई स्मरण गर्दै अबको प्राथमिकता थप उपलब्धि हासिल गर्ने र प्राप्त उपलब्धिको संस्थागत कार्यान्वयन गर्न मधेश आन्दोलनका नेतृत्व दल जसपा नेपाललाई जनताले जिताउनुपर्छ ।

"हामीले अधिकारका लागि लड्यौं, संविधानमा समावेशी व्यवस्था सुनिश्चित गर्‍यौं । अब ती उपलब्धिलाई दिगो बनाउँदै विकास र समृद्धिमा रूपान्तरण गर्नु जरुरी छ, त्यसका लागि आउंदो संसदीय व्यवस्थाबाट कार्यान्वयन गराउनुपर्छ । " उनले भने ।

साथै नेता भण्डारीले यो निर्वाचनमा नयाँ अर्थका साथ अघि बढेको बताउँदै भने "पहिला सडक, पोखरी, सामुदायिक भवन, खेतमा पानीको माग जनताले गर्थ्यो तर यस पटकको निर्वाचनमा जनताले गुणस्तरीय शिक्षा र स्वास्थ्य भएन, उच्च शिक्षालयको अभाव छ, राम्रो अस्पतालको आभाव, भ्रष्टाचार र बेरोजगारी समस्याको माग उठाएको छ । जनता बल्ल अधिकारका लागि जागेको देखिरहेछु ।"

यति दिन सरकारमा बसेर के तपाईले के गर्नु भो भन्ने प्रसंगमा उनले भने "हामीले विगतमा चुनाव जितेर सरकारमा सहभागी हुँदा मूल एजेन्डा नै संविधान संशोधन र आवश्यक परे पुनर्लेखनको बहसलाई राष्ट्रिय मुद्दा बनाएर अघि बढेको छु । देशका धेरै समस्याको जरो नै वर्तमान संवैधानिक संरचना रहेको छ । नेपाली काँग्रेस, नेकपा एमाले, अहिले नेपाली कम्युनिस्ट पार्टी बनेको नेकपा माओवादी केन्द्र आदिले बहुमतको दम्भमा बलजफ्ती नेपालको संविधान जारी गरेर मधेशी जनताको अधिकार खोसियो । अन्तरिम संविधानमा उल्लेख कुरा पनि दिएनन् ।

सरकारमा बसेर मधेश आन्दोलनको जगमा मधेशीलाई अपेक्षा अनुसार अधिकार दिलाउन नसकेपनि धेरै कुराहरु प्राप्त गराउन सफल भएको उनको दाबी छ । उनले भने "मधेशी, दलित, आदिवासी जनजाति लगायतका पिछडिएका वर्गका जनताले पाएको आरक्षण कोटा, मधेश प्रदेश, समानुपातिकमा मधेशीको आरक्षण, नेपाली सेनामा मधेशीको सहभागिता, मधेशमा पहिलाभन्दा बढी बजेट र विकासका थुप्रै कामहरु मधेशवादी दलमा रहेर गराउन सफल भएको छु । तर अब जनताले अपेक्षा गरे अनुसार अधिकार स्थापित गराउन यस पटक जनताले जसपा नेपाललाई जिताउनैपर्छ ।

# डा. लाभको 'स्मृति दंश' लोकार्पण

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका प्रदेश प्रमुख रहेका वरिष्ठ साहित्यकार तथा राजनीतिक विश्लेषक डा. सुरेन्द्र लाभद्वारा लिखित मैथिली कथा-संग्रह 'स्मृति-दंश' एक विशेष समारोहबीच जनकपुरधाममा लोकार्पण गरिएको छ ।

साहित्यिक माहोलमा सम्पन्न कार्यक्रममा करिब दुई दर्जन वरिष्ठ साहित्यकार, पत्रकार, प्राध्यापक तथा साहित्यप्रेमीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । पुस्तक सार्वजनिकसँगै संग्रहमा समावेश कथामाथि कथा-वार्ताको समेत आयोजना गरिएको थियो ।

लेखक डा. लाभकै अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा वरिष्ठ साहित्यकार रेवतीरमण लाल, रामभरोष कापडि 'भ्रमर', डा. भोगेन्द्र झा, प्रो. परमेश्वर कापडि, श्यामसुन्दर शशि, हिमांशु चौधरी, वृजकुमार यादव, उमेश साह, नित्यानन्द मण्डल, राजेश कर्ण, कैलास दास, पुरन गुप्ता र पुनम झा मैथिल लगायतका सहभागीहरुले कृतिमाथि आ-आफ्ना धारणा राखेका थिए ।




वक्ताहरूले संग्रहको विषयवस्तु, शिल्प, भाषाशैली र विधागत प्रयोगबारे आलोचनात्मक तथा प्रशंसात्मक टिप्पणी गरेका थिए । एक सय २८ पृष्ठको 'स्मृति-दंश'मा कुल २६ वटा कथा समेटिएका छन् । पुस्तकलाई तीन खण्डमा विभाजन गरिएको छ । संग्रहमा आठ परम्परागत कथा, आठ कथा-रिपोर्ताज र १० लघुकथा रहेको छ ।

यही संरचनाले कृतिलाई केवल कथा-संग्रहको सीमामा नराखी विधागत प्रयोगको महत्वपूर्ण दस्तावेजका रूपमा उभ्याएको समीक्षकहरूको भनाइ छ । कार्यक्रममा बोल्दै डा. भोगेन्द्र झाले मैथिली साहित्यमा कथा-रिपोर्ताज विधाको संगठित प्रयोगलाई ऐतिहासिक कदमका रूपमा व्याख्या गरे ।

उनका अनुसार मैथिली भाषामा कथा-रिपोर्ताजलाई यसरी व्यवस्थित रूपमा प्रस्तुत गर्ने कृति सम्भवतः पहिलो हो । यसले साहित्यिक अभिव्यक्तिलाई नयाँ आयाम दिएको छ । उनले यसलाई समकालीन मैथिली साहित्यका लागि सकारात्मक र उन्नत पहलका रूपमा चित्रित गरे ।

'स्मृति-दंश' शीर्षकले नै संकेत गरेझैं, स्मृतिका तीखा घाउ, विस्थापनको पीडा, सामाजिक अन्याय, वर्गीय विभाजन र राजनीतिक जटिलताहरू कथाको मूल स्वरका रूपमा उभिएका छन् ।

भाषा सरल र सहज भए पनि कथाहरूको भावभूमि गहिरो सामाजिक यथार्थमा आधारित छ । विशेषगरी प्रवासी जीवनले भोग्दै आएका संघर्ष, पहिचानको संकट र बदलिँदो सामाजिक संरचनाले सिर्जना गरेका तनावहरू कथामा प्रभावशाली रूपमा प्रस्तुत गरिएको सहभागीहरूको टिप्पणी थियो ।

कार्यक्रमको समापन गर्दै लेखक डा. सुरेन्द्र लाभले प्राप्त सुझावलाई आत्मसात् गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले आगामी संस्करणमा समीक्षात्मक प्रतिक्रियालाई समेट्दै कृतिलाई अझ परिमार्जित र परिष्कृत रूपमा प्रस्तुत गर्ने जनाएका थिए ।

साहित्यिक वृत्तमा यो कृति समकालीन मैथिली लेखनमा नयाँ प्रयोग र बहसको आधार बन्न सक्ने विश्वास गरिएको छ । 'स्मृति-दंश'ले स्मृतिका गहिरा घाउलाई शब्दमार्फत अभिव्यक्त गर्दै पाठकलाई आत्मचिन्तनतर्फ उन्मुख गराउने विश्वास कार्यक्रममा सहभागी गरेका छन् ।

# परिक्रममा आज औरही

**टुडे समाचारदाता**

जनकपुरभाम । फागुन ४ गतेदेखि जारी १५ दिने मिथिला मध्यमा परिक्रमाका यात्रीहरु शुक्रवार औरही पुगेका छन् शनिवार करुणा पुग्नेछ ।

शुक्रवार औरहीमा विमला नदीको तटमा विश्राम गर्दै शनिवार करुणाका लागि प्रस्थान गर्नेछ । नेपालको औरहीबाट पुनः परिक्रमा भारतको करुणा तेह्रौं दिनमा प्रवेश गर्छन् । यहाँ करुणा नदीको तटमा विश्राम गर्नेछ ।

१५ दिने परिक्रमामा जनकपुरधामको हनुमानगढीबाट कल्याणेश्वर हुँदै फुलहर, मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कन्चनवन, क्षीरेश्वरनाथ (पर्वता), धनुषाधाम, सतोषर (मिथिलेश्वरनाथ), औरही, करुणा, बिसौल, कल्याणेश्वर पुगेर फागुन पूर्णिमाको दिन जनकपुरधाम फर्किन्छ र जनकपुरधामको पाँच कोशे अन्तर्गृह परिक्रमा गरि समाप्त हुन्छ ।



१५ दिने परिक्रमाले जनकपुरधामलाई धार्मिक पर्यटकस्थलको रुपमा प्रसिद्धि दिलाउने गर्दछ । माध्यमिकी परिक्रमामा यात्रा नेपालको धनुषा र महोत्तरीमा १३ तथा भारतमा २ गरी १५ विश्रामस्थल छन् । मिथिला महात्मयमा विश्रामस्थलका पौराणिक एवं धार्मिक महत्वबारे बेग्लाबेग्लै चर्चा गरिएको छ ।

मिथिला महात्म्य अनुसार १८ औं शताब्दीदेखि धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाको रुपमा मनाइदैं आएको छ । यस यात्रामा सहभागी हुने श्रद्धालु भक्तजनले नेपालको १ सय ७ तथा भारतको २६ गरी १ सय ३३ किलोमिटर भूमिमा पैदलयात्रा गर्नुपर्छ । परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभंगा, सितामढी, बैजनाथधामका साधुहरु उल्लेख्य रुपमा सहभागी हुने गर्छन् भने नेपालका विभिन्न स्थलबाट पनि साधुसन्त सहभागी हुने गर्दछन् ।

महाशिवरात्री सम्पन्न लगत्तै प्रारम्भ हुने यस धर्मिक यात्रा फागुन पूर्णिमा तिथि पारी होली खेलेर समापन गर्ने परम्परा छ । यस परिक्रमामा सहभागी भएमा मन, वचन र कर्मले भएका अनेकन पाप तथा अन्याय नष्ट भएर मनोकामना पुरा हुने एवं मोक्ष प्राप्ति हुने धार्मिक मान्यता रहेको साधुसन्तहरुको भनाइ छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८